मिति २०८१ साल बैसाख २१ गतेका दिन यस गाउँपालिकाका अध्यक्ष श्री लक्ष्मण बहादुर शाहीको अध्यक्षता र तपशिलका सदश्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी स्थानीय पूर्वाधार सहयोग कार्यक्रम(LISP) को मिति २०८१।०१।१७ को स्थानीय पूर्वाधार सहयोग कार्यक्रम(LISP)का लागि स्थानीय तह छनौट सम्बन्धि आशय पत्र आब्हानको सूचना माथि ब्यापक छलफल गरी तपशिलका निर्णय गरियो।

उपस्तिथी

| | | |
|---|---|---|
| १) | श्री लक्ष्मण बहादुर शाही | - गाउँपालिका अध्यक्ष |
| २) | श्री सुर्पना शाही | - गाउँपालिका उपाध्यक्ष |
| ३) | श्री रतन बहादुर शाही | - वडाध्यक्ष वडा नं. १ |
| ४) | श्री हरि बहादुर रोकाया | - वडाध्यक्ष वडा नं. २ |
| ५) | श्री धनविरे रोकाया | - वडाध्यक्ष वडा नं. ३ |
| ६) | श्री जग्ग रोकाया | - वडाध्यक्ष वडा नं. ४ |
| ७) | श्री कालो शाही | - वडाध्यक्ष वडा नं. ५ |
| ८) | श्री उपराज अधिकारी | - वडाध्यक्ष वडा नं. ६ |
| ९) | श्री बिक्रम बहादुर शाही | - वडाध्यक्ष वडा नं. ७ |
| १०) | श्री धनकौरा शाही | - कार्यपालिका सदश्य |
| ११) | श्री रिता रोकाया | - कार्यपालिका सदश्य |
| १२) | श्री राजु भण्डारी | - कार्यपालिका सदश्य |
| १३) | कल्पना सार्की | - कार्यपालिका सदश्य |
| १४) | श्री विर तिरुवा | - कार्यपालिका सदश्य |
| १५) | श्री परिलाल वि.क. | - कार्यपालिका सदश्य |
| १६) | श्री रण बहादुर बुढा | - प्र.प.अ. (सदश्य सचिव) |

गाउँ कार्यपालिकाको कार्यालय
कालिकाखेतु, जुम्ला
कर्णाली प्रदेश,नेपाल

प्रस्तावहरु:

प्रस्ताव नं. १

स्थानीय तह स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) का लागि प्रस्तावना पेश गर्ने सम्बन्धमा।

प्रस्ताव नं. २

स्थानीय तह स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP)ले निर्धारण गरेका मापदण्ड पुरा गरी कार्यक्रम संचालन गर्ने प्रतिबद्धता गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ३

स्थानीय तह स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) मा आवश्यक सह--लगानी गर्ने समबन्धमा।

प्रस्ताव नं. ४

सह--लगानीको प्रतिसत निर्धारण सम्बन्धमा।

प्रस्ताव नं. ५

मर्मत संभार सम्बन्धि कार्यविधि तथा निर्देशिका तयार/परिमार्जन गर्ने प्रतिबद्धता गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ६

स्थानीय तहको स्थानीय पूर्वाधारको विवरण तयार गरी योजना तर्जुमा र बजेट विनियोजन गर्ने सम्बन्धमा।

निर्णयहरु

निर्णय नं. १

प्रस्ताव नं.१ माथि छलफल गर्दा स्थानीय तह स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) को प्रस्तावना पेश गर्ने सम्बन्धि मिति २०८१।०१।१७ को प्राप्त पत्र सम्बन्धि सूचनाका आधारमा आशय पत्र आब्हानका लागि आवश्यक प्रकृया पुरा गरी सिमित श्रोत साधन र गाउँपालिकाको न्यून राजश्वबाट गाउँपालिकाको समग्र विकास सम्भव नभएकाले स्थानीय तह स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) संग सहकार्य गरी गाउँपालिकाको विकास निर्माणमा गति दिन उचित देखिएकाले आजको कार्यपालिकाको बैठकले स्थानीय तह स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) निर्धारण गरेका सम्पूर्ण प्रकृया पूरा गरी प्रस्तावना पेश गर्ने निर्णय सर्वसहमती बाट पारित गरीयो।

निर्णय नं.२

प्रस्ताव नं.२ माथि छलफल गर्दा गाउँपालिकाले आफ्नो कार्य संचालन गर्ने क्रममा मस्तिस्क मन्थनमा आधारीत निर्णय प्रकृया अबलम्बन गरी स्थानीय पूर्वाधार सम्बन्धि समावेशी योजना तथा बजेट निर्माण, स्थानीय पूर्वाधार विकासका लागि नविनत्तम र सुधारीएका तरीका साधन र विधि अवलम्बन गर्न र स्थानीय पूर्वाधार सहयोग कार्यक्रम मार्फत प्राप्त हुने सह लगानीलाई समग्र वार्षिक कार्यक्रम तथा बजेटको पूर्वाधार शिर्षकमा समावेस गर्ने र खर्चको लेखाजोखा Sutra र लेखा परिक्षण गर्ने प्रतिबद्धता गर्ने निर्णयको पत्र तयार गरी पेश गर्ने र सोहि बमोजिम गाउँपालिकाको कार्य संचालन गर्ने निर्णय गरियो।

निर्णय नं.३

प्रस्ताव नं.३ माथि छलफल गर्दा स्थानीय तह स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) मा आवश्यक सह--लगानी गर्दा स्थानीय पूर्वाधार सम्बन्धि समावेशी योजना र बजेट निर्माण गर्ने र सह लागानीलाई समग्र बार्षिक कार्यक्रम तथा बजेटको पूर्वाधार विकास शिर्षकमा समावेश गर्ने र खर्चको लेखाजोखा Sutra र लेखा परिक्षण मार्फत गर्ने प्रतिबद्धता गर्ने निर्णय गरीयो।

निर्णय नं.४

प्रस्ताव नं.४ माथि छलफल गर्दा गाउँपालिकाले स्थानीय तह स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) ले साझेदारीका लागि निर्धारण गरे अनुसार वार्षिक योजना तथा वजेटमा स्थानीय पूर्वाधार कार्यक्रम संगको सह-लगानीको हिस्सा विनियोजन गर्न ग्रामिण सडक सुधार/पुर्नस्थापना सम्बन्धि आयोजनामा कम्तीमा २० देखि ४० प्रतिशत, सानासिंचाई, खानेपानी तथा सरसफाई, भवन मर्मत सम्बन्धि आयोजनामा कम्तीमा ४० प्रतिशत, विपद् जोखिम न्यूनिकरण, जलवायू उत्थानशिल र बैकल्पिक उर्जा सम्बन्धि आयोजनामा कम्तीमा २० प्रतिशत बजेट विनियोजन गर्ने प्रतिबद्धता गर्ने र गाउँपालिकाले सो को आधिकारीक पत्र तयार गरी सम्बन्धित निकायमा पेश गर्ने निर्णय गरीयो।

निर्णय नं. ५

प्रस्ताव नं.५ माथि छलफल गर्दा मर्मत संभार सम्बन्धि कार्यविधि तथा निर्देशिका तयार/परिमार्जन गर्ने प्रतिब्द्धता गर्ने सम्बन्धमा छलफल गर्दा स्थानीय तह पूर्वाधार सेवा प्रवाह एवं मर्मत सम्भार सम्बन्धि कार्यविधि तथा निर्देशिका तयार गरी परिमार्जन तथा अनुमोदन गर्नु पर्ने देखिएमा आवश्यकता अनुसार परिमार्जन गरी कार्यान्वयन गर्ने प्रतिब्द्धता गर्नुका साथै कार्यालयको तर्फबाट आधिकारीक पत्र तयार गरी सम्बन्धित निकायमा पेश गर्ने निर्णय गरियो।

निर्णय नं.६

प्रस्ताव नं.६ माथि छलफल गर्दा स्थानीय तहको स्थानीय पूर्वाधारको विवरण तयार गरी योजना तर्जुमा र बजेट विनियोजन गर्ने सम्बन्धमा गाउँपालिकाको वार्षिक स्थानीय पूर्वाधार सम्बन्धि विवरण तयार तथा अध्यावधिक गर्ने र सो को जानकारीका आधारमा स्थानीय पूर्वाधार मर्मत संभारको योजना तर्जुमा र बजेट विनियोजन गर्ने गाउँपालिकाले प्रतिबद्धता जाहेर गर्ने र सोहि अनुसार कार्य संचालन गर्ने गराउने तथा यसको आधिकारीक प्रतिद्धता पत्र तयार गरी सम्बन्धित निकायमा पेश गर्न निर्देशन दिने निर्णय गरियो।

हिमा गाँउपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाखेतु,जुम्ला
कर्णाली प्रदेश नेपाल

पत्र संख्या : २०८०/०८१
च.नं. : १०२२

मिति : २०८१/२/३

विषय :-प्रतिबद्धता पेश गरिएको सम्बन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ।

उपरोक्त प्रस्तुत सम्बन्धमा तहाँ मन्त्रालयको मिति २०८१।१।१७ गतेको आशय पत्र पेश गर्नकालागि गरिएको सूचनाका आधारमा यस गाउँपालिकाको कार्यपालिकाको बैठक वसी कार्यक्रमको विषयमा ब्यापक छलफल गरी बैठकबाट कार्यक्रमले निर्धारण गरेका सर्तहरुको पालना गर्ने गरि स्थानीयले तह वार्षिक योजना तथा बजेटमा स्थानीय पूर्वाधार कार्यक्रमसंगको सह लगानीको हिस्सा विनियोजन गर्दा (ग्रामिण सडक सुधार/पुर्नस्थापना सम्बन्धि आयोजनामा कम्तीमा २० देखि ४० प्रतिशत, साना सिंचाई, खानेपानी तथा सरसफाई, भवन मर्मत सम्बन्धि आयोजनामा कम्तिमा ४० प्रतिशत, विपद् जोखिम न्यूनिकरण, जलवायू उत्थानशिल र वैकल्पिक उर्जा सम्बन्धि आयोजनामा कम्तिमा २० प्रतिशत) बजेट विनियोजन गर्न ईच्छुक भई प्रतिब्द्धता ब्यक्त गर्ने निर्णय गरिएको ब्यहोरा अनुरोध गरिन्छ ।

रण बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत

रण बहादुर बुढा
प्रमुख प्रशासकिय अधिकृत

हिमा गाँउपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाखेत, जुम्ला
कर्णाली प्रदेश नेपाल

पत्र संख्या : २०८०/०८१
च.नं. : १०१९

मिति : २०८१/२/३

विषय :-आशय पत्र पेश गरिएको सम्बन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ।

उपरोक्त सम्बन्धमा तहाँ मन्त्रालयको मिति २०८१।१।१७ गतेको आशय पत्र पेश गर्नकालागि गरिएको सूचनाका आधारमा यस गाउँपालिकाको कार्यपालिकाको बैठकले गाउँपालिकाको सिमित श्रोत साधन र न्यून आन्तरीक श्रोतबाट गाउँपालिकाको समग्र विकास सम्भव नदेखिएकाले स्थानीय तह स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) संग सहकार्य गरी गाउँपालिकाको विकास निर्माणमा गति दिन उचित देखिएकाले स्थानीय तह स्थानीय पूर्वाधार सहयोग कार्य (LISP) संग सहकार्य गर्नका लागि आवश्यक संपूर्ण प्रकृया पुरा गरी प्रस्तावना पेश गर्न गरिएको निर्णय अनुसार कार्यक्रमका लागि गरिएका विभिन्न निर्णय र प्रतिबद्धताहरु पुरा गरी प्रस्तावना पेश गरिएको ब्यहोरा अनुरोध गरिन्छ । न्यून आन्तरीक श्रोत भएको यस गाउँपालिकालाई कार्यक्रममा सहकार्यका लागि छनौट गरि दिनु हुन समेत अनुरोध गरिन्छ ।

१।१९८०

रण बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत

रण बहादुर बुढा
प्रमुख प्रशासकिय अधिकृत

हिमा गाँउपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाखेतु,जुम्ला

कर्णाली प्रदेश नेपाल

पत्र संख्या : २०८०/०८१
च.नं. : १०२१

मिति : २०८१/२/३

विषय :-प्रतिबद्धता पेश गरिएको सम्बन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ।

उपरोक्त सम्बन्धमा तहाँ मन्त्रालयको मिति २०८१।१।१७ गतेको आशय पत्र पेश गर्नकालागि गरिएको सूचनाका आधारमा यस गाउँपालिकाको कार्यपालिकाको बैठक वसी कार्यक्रमको विषयमा ब्यापक छलफल् गरी बैठकमा कार्यक्रमले निर्धारण गरेका सर्तहरुको पालना गर्ने गरि स्थानीय तह पूर्वाधार सेवा प्रवाह एवं मर्मत सम्भार सम्बन्धि कार्यविधि तथा निर्देशिका कार्यक्रमको मर्म अनुसार तयार गर्न र परिमार्जन तथा अनुमोदन गर्न ईच्छुक भई प्रतिब्द्धता ब्यक्त गर्ने निर्णय गरिएको ब्यहोरा अनुरोध गरिन्छ ।

रण बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत

रण बहादुर बुढा
प्रमुख प्रशासकिय अधिकृत

हिमा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कोलिकास्थित जुम्ला

कर्णाली प्रदेश नेपाल

पत्र संख्या : २०८०/०८१
च.नं. : १०२५

मिति : २०८१/२/३

विषय :-प्रतिबद्धता पेश गरिएको सम्बन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ।

उपरोक्त सम्बन्धमा तहाँ मन्त्रालयको मिति २०८१।१।१७ गतेको आशय पत्र पेश गर्नका लागि गरिएको सूचनाका आधारमा यस गाउँपालिकाको कार्यपालिकाको बैठक वसी कार्यक्रमको विषयमा ब्यापक छलफल गरी बैठकमा कार्यक्रमले निर्धारण गरेका सर्तहरुको पालना हुने गरी स्थानीय पूर्वाधार सम्बन्धि विवरण तयार तथा अध्यावधिक गर्ने र सो को जानकारीको आधारमा स्थानीय पूर्वाधार मर्मतसम्भारको योजना र वजेट तर्जुमा गर्ने प्रतिब्द्धता ब्यक्त गर्ने निर्णय गरिएको ब्यहोरा अनुरोध गरिन्छ ।


रण बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत


रण बहादुर बुढा
प्रमुख प्रशासकिय अधिकृत

२०७७

# हिमा गाउँपालिकाको गाउँपालिका स्तरिय गुरुयोजना,

## २०७७-२०८७



हिमा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाखेतु, जुम्ला
कर्णाली प्रदेश, नेपाल

CamScanner

# प्राक्कथन

हिमा गाउँपालिका, जुम्ला र नेत्र जीवन हिमालयन इन्स्टिच्युट अफ एग्रीकल्चर फरेस्ट्रि रिसर्च एण्ड डेभलपमेन्ट प्रा. लि., जुम्ला बिच भएको संझौताको आधारमै हिमा गाउँपालिकाको गाउँपालिका स्तरिय गुरुयोजना २०७७-२०९७ तयार गरिएको हो । गुरुयोजना निर्माणको क्रममा अमूल्य सहयोग, सहकार्य, उत्प्रेरणा प्रदान गर्ने हिमा गाउँपालिकाका अध्यक्ष श्री रज बहादुर शाही, उपाध्यक्ष श्रीमती हिमाली रोकाया, व्यवस्थापन कार्यमा आवश्यक सहयोग प्रमुख कार्यकारी अधिकृत श्री टोप बहादुर बुढा र फिल्ड स्तरको सूचना तथा आवश्यक तथ्याङ्क संकलन तथा सूचनाको बस्तुनिष्ठता, सान्दरभिकता, बिश्वासनियता कायम गर्न विशेष चासो र सहयोग गर्ने पशु सेवा शाखा प्रमुख लगायत आवद्ध कर्मचारीहरु प्रति आभारी छौं ।

छलफलका क्रममा गाउँपालिका र वडा स्तरीय बस्तुगत विवरण संकलनका बेला आवश्यक सल्लाह, सुझाव प्रदान गर्ने सम्पुर्ण वडा अध्यक्ष ज्यूहरु, वडा सचीव ज्युहरु र गणँकहरु प्रति अध्ययन टोली कृतज्ञता ब्यक्त गर्दछौं । अध्ययनका क्रममा छलफल, प्रतक्ष्य सहयोग गर्ने स्थानीय जनप्रतिनिधि, राजनीतिक व्यक्तित्व, बुद्धिजीवि प्रति हार्दिक आभार ब्यक्त गर्दछौं ।

विश्वभर फैलिरहेको कोराना भाईरस (कोभिड-१९) को प्रतिकूलका परिस्थितिमा विच यो गुरुयोजना निर्माण गर्नु पर्ने भयो जुन यहाँहरु सम्पुर्णको सहयोग र सहकार्य बिना संभव थिएन ।

अन्तमा : यो गुरुयोजना गाउँपालिकाको योजना बिकासको एक मूल दस्तावेजका रुपमा रहने छ । आगामी २० बर्ष भित्र यस गुरुयोजनालाई आधार मानेर गाउँपालिकाको रणनीतिक लक्ष्य, समग्र बिकासको खाका, वार्षिक नीति तथा कार्यक्रम तय गर्न सकिनेछ । योजनावद्ध विकासमा यो प्रथम गुरुयोजना हो र आगामि योजनाका लागि आधारभूत दस्तावेजको रुपमा स्थापित हुनेछ ।

2074
HIMAFORD

अध्ययन टोली
नेत्र जीवन हिमालयन इन्स्टिच्युट अफ एग्रीकल्चर फरेस्ट्रि रिसर्च एण्ड डेभलपमेन्ट प्रा. लि.

CamScanner

# दुई शब्द

हिमा गाउँपालिकाद्धारा निर्माण गरिएको यो गुरुयोजना गाउँपालिकाको ईतिहासमा योजनावद्ध बिकासको अभ्यासमा प्रथम प्रयास हो। गुरुयोजना मूलत : योजनावद्ध बिकास प्रयासको थालनी गर्नु, दिगो बिकास लक्ष्य हासिल गर्नु, गरिबि न्युनिकरण, सामावेशिकरण, योजना निर्माण सहभागितामूलक पद्धतीको ब्यहारमा कार्यान्वयन गर्नु, संस्थागत प्रणालीमा सुधार ल्याउनु र योजना तथा आयोजाहरुको परियोजना बैंकमा समावेश गरि बिकासको योजनावद्ध प्रयासलाई अगाडि बढाउने लक्ष्य रहेको छ ।

नेपालको संबिधान २०७२, राष्ट्रिय योजना आयोगबाट जारी गरिएको पन्धौ पञ्चवर्षिय योजना (२०७६/०७७-२०८०/८१), स्थानीय सरकार संञ्चालन कार्यविधि (२०७४), कर्णाली सरकार योजना आयोग द्धारा जारी गरिएको पञ्चबर्षिय योजनाको खाँका, नेपाल सरकारको बार्षिक नीति तथा कार्यक्रम, कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रम, गुरुयोजना निमार्णका मार्गदर्शक दस्तावेजका रुपमा लिईएको छ ।

गुरुयोजनालाई कार्यान्वयन योग्य, प्रयोगात्मक र बास्तविक बनाउन स्थानीय स्तरका राजनीतिक कार्यकर्ता, वडा अध्यक्ष ज्युहरु, बुद्धिजीवि, शिक्षक विभिन्न वर्गका जन समुदाय संग ब्यापक छलफल, राय परार्मश, सल्लाह र सुझाव समाहित गरिएको छ। विकास प्रतिको स्पष्ट दृष्ट्रिकोण, योजनावद्ध बिकासको अभावमा लक्षित उपलब्धी हासिल गर्न नसकिने हाम्रो साझा बुझाई छ ।

हिमा गाउँमा उपलब्ध सिमित स्रोत साधानले जनताका असिमित आवश्यकता, दिगो बिकास लक्ष्य, राष्ट्रिय तथा प्रादेशिक सरकारहरुका बिकास लक्ष्य, संझौता तथा प्रतिवद्धताहरुको कार्यान्वयन गर्ने चुनौतीको समना गर्न गुरुयोजना एक कोशेढुङ्गा सावित हुनेछ भन्ने मैले विश्वास लिएको छु ।

यो गुरुयोजनामा समावेश गरिएका लामो अवधिका रणनीतिक योजना तथा आयोजनाहरु संघिय सरकारसंगको साझेदारीमा सम्पन्न गरिनेछन् । मझौला स्तरका योजना तथा आयोजनाहरुको हकमा प्रदेश सरकारको सहयोग तथा सहकार्यमा सम्पन्न गरिनेछ । जनताका आधारभूत आवश्यकताहरु शिक्षा, कृषि, पशुपालन, स्वास्थ्य, खानेपानी तथा सरसफाई, सिंचाई, विधुक्त तथा उर्जा, सडक, बन तथा वातावरण, विपत जोखिा ब्यवस्थापन जस्ता विषयगत क्षेत्र संग सम्वन्धित योजना/आयोजना तथा कार्यक्रमहरु गाउँपालिकाको आन्तरिक स्रोत परिचालन गरि सम्पन्न गरिनेछन् ।

अन्तमा: सम्पुर्ण गाउँपालिका जन प्रतिनिधि, कर्मचारी, गाउँबासी आम जन समुदाय, महिला, बुद्धिजीवि, शिक्षक, पत्राकार र सम्पूर्ण सरोकारवाला निकायको सहयोगमा गुरुयोजनामा निर्दृष्ट लक्ष्य तथा उद्धेश्य हासिल गर्न प्रतिबद्धता ब्यक्त गर्दछु ।

रज वहादुर शाही
shahirajbahadur411@gmail.com
९८५८३२०७११
अध्यक्ष, हिमा गाउँपालिका, जुम्ला

CS CamScanner

# गुरुयोजनाको सारांश

नेपालको संविधानले नेपाललाई एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक तथा भौगोलिक विविधतायुक्त राष्ट्रको रुपमा स्वीकार गर्दै नागरिक स्वतन्त्रता, मानव अधिकार, बालिग मताधिकारको सुनिश्चितता सहित सबै प्रकारका विभेदहरुको अन्त्य गर्दै आर्थिक असमानताको अन्त्य गरी समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामुलक सिद्धान्तका आधारमा समाजवाद उन्मुख समाज सहितको राष्ट्रको परिकल्पना गरेको छ । संविधानले राज्यको पुर्नसंरचना गरी नेपाललाई स्थानीय, प्रादेशिक र संघीय तहमा विभाजन गरेको छ । स्थानीय तहलाई स्वायत्त, अविछिन्न उत्तराधिकारवाला सरकारको रुपमा स्थापित गरी स्थानीय स्तरको समग्र तथा दिगो विकासका लागि जिम्मेवार तहको रुपमा स्थापित गरेको छ । हिमा गाउँपालिका कर्णाली प्रदेश अन्तर्गतको जुम्ला जिल्लामा रहेको छ । यस गाउँपालिकाकोसन्तुलित र समग्र विकास गरी संविधानले निर्दिष्ट गरेको राज्यका उद्देश्यहरुको सुनिश्चिता सहित समृद्ध गाउँपालिका निर्माण गर्ने लक्ष्यका साथ २० वर्षे गुरुयोजना तर्जुमा गरिएको छ । यो गुरुयोजनाले ***“ समृद्ध हिमा गाउँपालिका, सुखि हिमा बासी ”*** लाई मार्गनिर्देश गर्नेछ ।

गुरुयोजना निर्माणको सन्दर्भमा गाउँपालिका भित्र रहेका प्राकृतिक, सामाजिक, साँस्कृतिक, आर्थिक, भौतिक स्रोतहरुको सुक्ष्म विश्लेषण गरी विगतका सफल सिकाइहरु, अवसर तथा स्रोतहरुको पहिचान गरी ती सबैले सिर्जना गर्न सक्ने सम्भावनाहरुको लेखाजोखा गरी गाउँपालिको समग्र विकासलाई सकारात्मक योगदान दिएर समावेशी, समुन्नत, वातावरणीय सन्तुलन, विपद सामना क्षमता अभिबृद्धि सहितको भौतिक विकास र समृद्ध समाज निर्माण गर्न दिगो विकास र सामाजिक न्यायमा आधारित विकासका सिद्धान्तहरु निर्माण गरेर विकासको दुर दृष्टि, लक्ष्य, उद्देश्यहरु र विकासका कार्यक्रमहरु तय गरिएको छ ।

योजना अवधिमा गाउँपालिको आर्थिक विकासलाई ६ देखि ८ प्रतिशतको वृद्धिदर कायम गरी निरपेक्ष गरीबिलाई शुन्यमा झारेर सबै प्रकारका सामाजिक विसंगति, कुरीति र विभेदहरुलाई अन्त्य गर्दै सामाजिक न्यायमा आधारित समृद्ध र समावेशी समाजको निर्माण गरी गुणस्तरीय जीवनको प्रत्याभुत गर्ने लक्ष्य रहेको छ ।

यो गुरुयोजना जनसहभागितामा आधारित सहभागितामुलक योजना तर्जुमा पद्धतिहरु तथा स्थापित खोजका विधीहरुको प्रयोगका साथै गाउँपालिका भावना तथा चाहनाहरु, गाउँपालिका भित्रका सूचना र तथ्याङ्क, नेपालको संविधान, ऐन, कानुन, नीति, नियम र कार्यक्रमहरु, अन्य सरोकारवालाहरुसँग अन्तरक्रिया माफर्त संङ्कलित अभिमत, सूचना र तथ्याङ्कहरु, आन्तरिक तथा वाह्य स्रोतहरुको विस्तृत लेखाजोखा लगायतको ब्याख्या एवं विश्लेषण गरेर तयार गरिएको छ ।

यो एक गतिशील दस्तावेज हो । यसले गाउँपालिको समग्र विकासलाई मार्ग निर्देशन गर्नेछ । गाउँपालिकाले आगामी दिनमा प्राप्त गर्ने उपलब्धी एवम् नयाँ अवसरहरुलाई ध्यानमा राखी यसमा थप परिमार्जन तथा सुधार गर्दै लगिने छ । गाउँपालिका विकासलाई वैज्ञानिक दृष्टिकोणका आधारमा व्यवस्थित गर्न र यस गुरुयोजनालाई उपयोगी बनाउन ११ भागमा बाँडिएको छ ।

यस योजना अवधीको अनुमानित लागत रु. २,६९,७८,३६,७३९ ।- (रु. दुई अर्ब उनसतरी करोड अठतर लाख छत्तिस हजार सात सय उन्चालिस् मात्र) लाग्ने अनुमान गरिएको छ । उक्त रकम गाउँपालिकाको बजेट, प्रादेशिक सरकार, संघीय सरकार, गाउँवासी, संघसंस्था, निजी क्षेत्रहरु समेतको सहकार्यबाट व्यवस्थापन गरिने छ । योजनाले निर्दिष्ट गरेका नीति तथा कार्यक्रमहरुको नियमित अनुगमन तथा मूल्याङ्कन प्रक्रिया मार्फत विकासको गुणस्तरीयता र सुशासनलाई सुनिश्चितता गरिएको छ ।

CS CamScanner

# हिमा गाउँपालिकाको सामान्य परिचय

| सि.नं | बिषय बस्तु | बिवरण |
|---|---|---|
| १. | भौगोलिक बिवरण | जम्मा क्षेत्रफल : १३२.३२ वर्ग कि. मि. |
| | | अक्षांश : २९ डिग्री १२ मिनेट १० सेकेन्ड उत्तरी अक्षांश देखि २९ डिग्री २० मिनेट १० सेकेन्ड उत्तरी अक्षांश सम्म |
| | | देशान्तर : ८१ डिग्री ५५ मिनेट ५० सेकेन्ड पूर्वी देशान्तर देखि ८२ डिग्री ०२ मिनेट २५ सेकेन्ड पूर्वी देशान्तर सम्म |
| | | सामुनद्रको सतह देखिको उचाई : २,०७५-३,७७६ मि. सम्म |
| | | हावापानी : उच्च पहाडी तथा हिमाली |
| | | तापक्रम : अधिकतम २४ डिग्री सेल्सियस र न्युनतम माईनस ४ डिग्री सेल्सियस |
| | | बर्षा : अधिकतम् १५४.९४ मि.मि र न्युनतम् : २.५४ मि.मि |
| | | हिमपात : अधिकतम् : ७.२७ मि.मि र न्युनतम् : ० मि.मि |
| | | औषत वायुको चाप : ५ माईल प्रति घण्टा भन्दा कम |
| | | साविकका गाविसहरु : बड्की, कालिकाखेतू र महावैपातरखोला |
| २. | जनसाङ्ख्यिक बिवरण | जम्मा जनसंख्या : १०,५५३ जना (२०६८) र १३,३७४ जना (घरधुरी सर्वेक्षण, २०७६) |
| | | पुरुष : ६,७६० जना र महिला : ६,६१४ जना |
| | | जम्मा घरधुरी संख्या : २२२० घरधुरी |
| | | जन धनत्व : १०१.०७ व्यक्ति प्रति वर्ग कि.मि. |
| | | औषत लिङ्ग : १०२.२१ |
| ३. | आर्थिक बिवरण | मुख्य पेशा : कृषि, पशुपालन, जडिबुडि संकलन, सिजनल व्यापार, बैदेशिक व्यापार, (भारत लगायत), सिजलन ज्यालामजदुरी आदी |
| | | मुख्य अन्नवाली : मर्कै, जौ, गहुँ, कोदो, धान, आलु, फापर, चिनो, कागुनो आदी |
| | | प्रमुख आर्थिक स्रोत : पशुपालन व्यवसाय, कृषि, जडिबुटि संकलन, जडिबुटि व्यापार, सिजनल ज्याला मजदुरी |
| ४. | सामाजिक बिवरण | प्रमुख वस्तिहरु : आर्चाय लिही, देवार गाउँ, बड्की, ओदी, काईरेली, रिखिदेउ, शेरगाउँ, मोफ्ला, चेमा, जोगिवाडा, सिमतलि, जर्मि, चिउडी, डाँडावाडा, दलितवाडा, माझघर कुडु, धाचु गाउँ, मंचि, खलढुङ्गा |
| | | प्रमुख बजार केन्द्र : देवार गाउँ, कोईरेली, मोफ्ला, चिमा, जोगिवाडा, जुगार बजार, कैलास बजार, बाजागाड कोटगाउँ, डाँडावाडा, दलितवाडा, माझघर, जरनाली, जुगाड बजार, बाघ बजार, बड्की आदी |
| | | मुख्य जात/जाति : ब्राहम्ण, क्षेत्री, ठकुरी, कामी, सार्की, आदी |
| | | साक्षरता प्रतिशत : ६७.८३ प्रतिशत |
| | | भाषा<br>नेपाली : ६९.५९ प्रतिशत, जुम्ली खस भाषा : ३०.४१ प्रतिशत |
| | | धर्म<br>हिन्दु : ९९.६७ प्रतिशत र क्रिस्टियन : ०.३३ प्रतिशत |
| | | भेष भुषा : पुरुषहरुकालागि दौरा सरवाल, ढाका टोपी, कोट, फेटा, स्टकोट, सर्ट, पाईंट र महिलाहरुका : धोती, चोलो, गुन्यु, पछ्यौरा, आदी |

CS CamScanner

| | | |
|---|---|---|
| | | मुख्य चाड पर्वहरु :दशैं, तिहार, जनै पूर्णिमा, माघे संक्राति, साउने संक्राति, चैते दशैं, हरितालिका तिज, बैशाख पूर्णिमा, कार्तिक पूर्णिमा, विभिन्न धार्मिक मठ मन्दिरहरुमा मष्ट भवानी पुजा |
| | | खाना पकाउने ईन्धन : दाउरामा आश्रित परिवार संख्या : २१४० जना (९६.४० प्रतिशत), ग्यासमा आश्रित परिवार संख्या : ८० जना (३.६० प्रतिशत) |
| ५. | भौतिक पूर्वाधारको अवस्थाको विवरण | सडक : ६०.६७ कि.मि., ग्रावेल : ९.७ कि.मि. र कच्ची : ५१ कि.मि. |
| | | नजिकको एयरपोर्टबाट दुरी : ३७ कि.मि. जुम्ला एयरपोर्ट वाट |
| | | मुख्य यातायातका साधन : बस, ट्रक, जीप, मोटरसाईकल, घोडा |
| | | खानेपानीको उपलब्धता<br>निजी धारा प्रयोग कर्ता : ६.३१ प्रतिशत,<br>सार्वजनिक धारा प्रयोगकर्ता : ९२.४५ प्रतिशत,<br>ईनार वा कुवाको पानी प्रयोगकर्ता : ०.२६ प्रतिशत,<br>मूलको पानी प्रयोगकर्ता : ०.९८ प्रतिशत,<br>शौचालयको अवस्था : १०० प्रतिशत |
| | | बिधुतको उपलब्धता : ९७१ घरधुरी (५०.२१ प्रतिशत) र सोलार : ९५० घरधुरी (४९.१२ प्रतिशत) |
| | | संचार सुविधा : ८९.५६ प्रतिशत |
| ६. | भू-उपयोग विवरण | जंगल क्षेत्र : ७१.२३३ वर्ग कि.मि. |
| | | खेती भूमी : ३१.५२१ वर्ग कि.मि. |
| | | आवासिय क्षेत्र : ०.७०७ वर्ग कि.मि. |
| | | पानीको भाग : ०.५३४ वर्ग कि.मि. |
| | | सार्बजिक प्रयोग : ०.३३४ वर्ग कि.मि. |
| | | खानी तथा खानीजन्य पदार्थ क्षेत्र : ०.००४ वर्ग कि.मि. |
| | | अैद्योगिक क्षेत्र : ०.००२ वर्ग कि.मि. |
| | | संस्कृतिक तथा पुरातात्विक : ०.००१ वर्ग कि.मि. |
| | | अन्य : २७.८७९ वर्ग कि.मि. |
| | | जम्मा : १३२.३२ वर्ग कि.मि. |
| ७. | संस्थागत बिवरण | हिमा गाउँपालिकाको कार्यालय, कालिकाखेतु, वडा नं : ५ |
| | | जम्मा वडा संख्या : ७ |
| | | वेवसाईट : http://himamun.gov.np/ |
| ८. | सर्म्पक ठेगाना | संर्म्पक नं : +९७७-९८५८३२०४०२ / +९७७-९८४८१२२२५६ |
| | | ईमेल : ito.himamun@gmail.com |

CamScanner

# बिषय सूची

प्राक्कथन ..... ४
दुई शब्द ..... ५
गुरुयोजनाको सारांश ..... ६
संक्षेपीकरणको सूची ..... १५
परिच्छेद १ : पृष्ठभूमि ..... १७
१.१ पृष्ठभूमि ..... १७
१.२ प्रस्तावना ..... १८
१.३ गुरुयोजना निर्माणको उद्धेश्य ..... १९
१.४ गुरुयोजना तर्जुमा प्रक्रिया ..... १९
१.४.१ प्राथमिक तथा सहायक स्रोतका आधारमा तथ्याङ्क संकलन ..... २०
१.४.२ गाउँपालिका बिकासकालीग प्रस्तावित/संभावित बिकास आयोजना तथा बिधमान संस्थाहरुको जि. आई. एस. नक्साङ्कन ..... २०
१.४.३ प्राथमिकता क्रमका भौतिक पूर्वाधार विकास कार्यक्रमहरुको कार्यान्वयन योग्य वित्तिय प्रक्षेपण ..... २०
१.४.४ प्राथमिकतामा रहेका योजना तथा आयोजनाहरुको स्थानीय स्तरमा कार्ययोजना निर्माण ..... २०
१.४.५ योजना तथा आयोजना अनुगमन तथा मूल्याङ्कन ..... २१
१.४.६ हिमा गाउँपालिकाको गुरुयोजना निर्माण ..... २१
परिच्छेद २ : पृष्ठभूमि ..... २२
२.१ गाउँपालिकाको अवस्था फिल्ड स्तरमा जाचँबुझ र छनौटका लागि प्रमाणिकरण ..... २२
२.२ प्रस्तावित योजना तथा आयोजनाहरुको पूर्व संम्भावव्यता अध्ययन ..... २२
२.३ गौरवका आयोजनाहरुको सम्भाव्यता अध्ययन तथा अन्य प्रतिवेदन ..... २२
२.३.१ आर्थिक संम्भाव्यता ..... २३
२.३.२ सामाजिक संभाव्यता ..... २३
२.३.३ वातावरणीय संम्भाव्यता अध्ययन ..... २३
२.३.४ वित्तिय संम्भाव्यता : ..... २४
२.३.५ संस्थागत संम्भाव्यता : ..... २४
२.३.६ प्राविधिक संम्भाव्यता ..... २४
२.४ गुरुयोजनाको रणनीतिक खाँका ..... २४
२.४.१ संस्थागत तथा कार्यक्रमिक बिकासको रणनीतिक खाँका ..... २४
२.५ भौतिक पूर्वाधार विकास तथा विषयगत गुरुयोजना ..... २६
२.६ पूर्व साहित्य अध्ययन ..... २६
२.६.१ नेपालमा योजनावद्ध विकास प्रयास ..... २६
२.६.२ गुरुयोजना निर्माण पद्धती र संरचनागत योजना ..... २७
२.६.३ एकिकृत कार्ययोजना ..... २८
२.७ प्रमुख सवाल तथा चुनौतीहरु ..... २८
२.८ पूर्वाधार विकास योजना ..... २९
२.९ सांकेतिक रणनीतिक योजना ..... २९
२.१० भौतिक पूर्वाधार विकास योजना, आयोजना तथा परियोजनहरुको प्रथामिकीकरण ..... ३०
परिच्छेद ३ : अवधारणा र कानूनी आधारहरु ..... ३१
३.१ गुरुयोजनाको अवधारणा ..... ३१
३.१.१ गाउँपालिका स्तरिय गुरुयोजनाका मुख्य लक्ष्य ..... ३१
३.२.२ गुरुयोजनामा समेटिएका विषय क्षेत्रहरु ..... ३१
३.२ निर्देशक सिद्धान्त ..... ३२
३.२.१ दिगोपना ..... ३२
३.२.२ समावेशिकरण ..... ३२
३.२.३ उथ्यानशिलता ..... ३२

यस हिमा गाउँपालिकाको गुरुयोजनालाई निम्नानुसार ११ भागमा बाडिएको छ ।

## परिच्छेद १
यस परिच्छेदमा गुरुयोजना निर्माणको पृष्ठभूमिको बारेमा व्याख्या गरिएका छ ।

## परिच्छेद २
यस परिच्छेदमा पूर्व संम्भाव्यता तथा पूर्व साहित्य अध्ययनको बारेमा व्याख्या गरिएका छ ।

## परिच्छेद ३
यस परिच्छेदमा अवधारणा र कानूनी आधारहरुको बारेमा व्याख्या गरिएका छ ।

## परिच्छेद ४
यस परिच्छेदमा गाउँपालिकाकाले अवलम्वन गरेका अध्ययन विधिहरुको बारेमा व्याख्या गरिएका छ ।

## परिच्छेद ५
यस परिच्छेदमा हिमा गाउँपालिकाको वर्तमान अवस्थाको बारेमा छलफल गरिएका छ ।

## परिच्छेद ६
यस परिच्छेदमा हिमा गाउँपालिकाको जनसंख्या प्रक्षेपणको बारेमा छलफल गरिएका छ ।

## परिच्छेद ७
गाउँपालिकाको समग्र दुरदृष्टि, ध्येय, लक्ष्य, उद्देश्यहरु, नीति, कार्यक्रम तथा कार्यनीतिहरुको बारेमा व्याख्या गरिएका छ ।

## परिच्छेद ८
विषयगत विकासका दूरदृष्टि, लक्ष्य, उद्देश्यहरु, नीति तथा कार्यक्रमहरुको बारेमा व्याख्या गरिएका छ ।

## परिच्छेद ९
यस गाउँपालिकामा प्रस्तावित रणनीतिक योजनाहरुको बारेमा व्याख्या गरिएका छ ।

## परिच्छेद १०
यस गुरुयोजनालाई कार्यान्वयन गर्न आवश्यक पर्ने स्रोत र साधनको लेखाजोखा गरिएका छ ।

## परिच्छेद ११
यस गुरुयोजना कार्यान्वयन गर्न महत्वपूर्ण भूमिका खेल्ने सरोकारवालाहरु र तिनको अपेक्षित भूमिका बारेमा व्याख्या गरिएका छ ।

CamScanner

# परिच्छेद १ : पृष्ठभूमि

## १.१ पृष्ठभूमि

गुरुयोजना गाउँपालिकाको गतिशिल, दिगो, योजनावद्ध बिकास तथा समृद्धि हासिल गर्ने ध्ययले तयार पारिएको तथ्यपरक तथ्याङ्क तथा सूचनामा आधारितभै तयार गरिएको तर्फबद्ध खाका हो। गुरुयोजना भित्र गाउँपालिकाको पार्श्व चित्र, जनसंख्या, भौगोलिक, समाजिक, सांस्कृतिक, आर्थिक, बातावरणिय क्षेत्रको बस्तुगत विवरण, सुचना तथा तथ्याङ्क संकलन, विश्लेषण, नीति तथा कार्यक्रम र सुझावहरु समावेश गरिएको छ। यस गुरुयोजनामा शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन, खानेपानी तथा सरसफाई, सिंचाई, पर्यटन पूर्वाधार, सडक, बस्ति विकास, सामुदीयक संस्था, सूचना तथा सञ्चार वन तथा वातावरण, विपतजोखिम व्यवस्थापन र भू उपयोग, ग्रमीण उधोग लगायतका विषयगत क्षेत्रहरुको आधारभूत तथ्याङ्क संकलन, बिश्लेषण गरि भविष्यमा आख्तियार गरिने रणनीतिति समेत समाहित गरिएको छ।

नेपालमा योजनावद्ध विकासको शुरुवात बि.सं २०१३ (१९५६ ई.सं) भएको हो। जनताका असिमित आवश्यकता, चाहाना र मागहरुलाई उपलब्ध स्रोत साधनकाको उधिकतम सदुपायोग गरि राष्ट्रिय परिलक्ष्य हासिल गर्न योजनाबद्ध विकासको प्रयासको थालनि गरिएको हो। दिगो बिकास लक्ष्य (Sustainable Development Goals), नेपालको संबिधानमा उल्लेखि राज्यका निंदेशक सिद्धान्त, मौलिक हकको प्रत्याभूती, राष्ट्रिय योजना आयोग तथा प्रादेशिक सरकारका रणनीतिक योजना, राष्ट्रिय तथा अन्तराष्ट्रिय योजनाका खाँका, राष्ट्रिय, प्रादेशिक तथा स्थानीय स्तरमा विषय विज्ञ, जन प्रतिनिधि, सरकारी तथा गैह्र सरकारी निकायका प्रतिनिधि तथा आम जनसमुदायको राय, सुझाव र परार्मश गुरुयोजना निर्माणका मूलभूत आधारहरु हुन।

बृहत दृष्टिकोणले हेर्दा गाउँ/नगरपालिका स्तरिय गुरुयोजना निर्माणमा स्थानीय शासन संचालन कार्यविधि ऐन बि.सं २०७४ (२०१७) र राष्ट्रिय शहरि बिकास रणनीति २०७२ (२०१५) मुख्य कानुनी र बैधानिक आधार मानिन्छन्। एकिकृत बिकास, भू-उपयोग रणनीति, यातायत तथा अन्य बिषयगत क्षेत्र संध सम्बन्धित संस्थागत संरचना र क्षमताका समेतलाई अध्ययन विश्लेषण गरि गुरुयोजना निर्माणको आधारका रुपमा लिईएको छ।

स्थानीय शासन संचालन कार्यबिधि ऐनमा स्थानीय आवश्यकतामा आधारित, सहभागितामूलक र अधिकारमूखि अबधारणामा आधारित पद्धति अनुरुप स्थानीय बिकासकालागि मौलिक स्वरुपको दिगो तथा समावेशिमूलक योजना निर्माण गर्न सकिने कानुनी प्रावधानलाई मूर्त रुपदिन यो गुरुयोजना निर्माण गरिएको छ। यसमा गुरुयोजना निर्माणका हरेका प्रक्रियालाई प्रस्ट बुझिने गरि उत्लेख गरिएको छ।

गुरुयोजना निर्माणको उद्धेश्य : दिगो, भरपर्दो व्यवस्थित, योजनावद्ध बिकासको खाँका तयार गरि उपलब्ध स्रोत साधनको अधिकतम परिचालन गर्ने र जनताका आधारभूत आवश्यता, चाहाना र मागहरु परिपूर्ति गर्दै, गरिबि न्युनिकरण, शशक्तिकरण गरि अन्तमा जनताको जीवन स्तरमा सुधार गर्नू रहेको छ।

गाउँपालिका क्षेत्रभित्र रहेका शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, सिंचाई, सडक, कृषि, पशुपालन, पर्यटन पूर्वाधार, आर्थिक पूर्वाधार विकास, यातायात, बन तथा वातावरण क्षेत्रको वर्तमान अवश्थाको यर्थात चित्रण गरिएको छ। विषयगत क्षेत्रको योजनावद्ध विकासकालीगि दिगो तथा रणनीतिक योजना तथा आयोजनाहरु समावेश छन्। लामो अवधिका रणनीतिक योजना तथा आयोजनाहरु संधीय सरकारसंगको साझेदारीमा कार्यान्वयन गरिने छन्। गुरुयोजनाहरुमा समावेश गरिएका मझौला योजना तथा आयोजनाहरुको कार्यान्वयन कर्णाली प्रदेश सरकारको सहयोग तथा सहकार्यमा गरिने छन् भने साना योजना तथा आयोजनाहरु गाउँपालिकाको आन्तरिक स्रोत साधनको अधिकतम उपयोग गरि जन सहभागिता मूलक पद्धतीबाट कार्यान्वयन गरि, जनताका आधारभूत आवश्यकताको परिपूर्ति गरिने छ।

CamScanner

जनताको दिगो आयआर्जनको आवश्यकता र सुदृढ जीवन पद्धतीको बिकासकालागि यातायतको पहुँच, सूचना तथा संचारमा सहज पहुँच, कृषि तथा पशु क्षेत्रका उत्पादन सामाग्रिहरुको बजारीकारणको सुनिश्चितता, गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवा लगायतका आधारभूत सेवा सहज पहुँच आधारभूत सूचकाङ्का रुपमा रहेका छन् । हिमा गाउँपालिको जनसंख्या र भू-उपयोगको अवश्था अध्यन गर्दा कृषि तथा पशुपालन व्यवशाय मार्फत दिगो आर्थिक बिकासको लक्ष्य हासिल गर्न सकिने देखिन्छ । दिगो बिकासको रणनीतिक लक्ष्यले स्थानीय स्तरको आर्थिक बिकासमा गुणात्मक बहु आयामिक असर रहन्छ ।

गाउँपालिका स्तरको गुरुयोजना र गाउँपालिका स्तरको यातायात गुरुयोजना प्रस्तवना तयरी गर्न र प्रतिवेदन तयारी गर्न विभिन्न चरणहरुको सिफारिश गरिएको छ । सोहि सिफाशिका आधारमा नेपालको संविधान २०७२ ले परिभाषित गरेको संधिय लोकतान्त्रिक गणतन्त्रात्क शासन व्यवस्थाको सवलिकरणकालागि नेपालमा तीन तह संधिय, प्रादेशिक र स्थानीय स्तरमा संबैधानिक व्यवस्था सहितका सरकारहरु संचालनमा छन् ।

स्थानीय स्तरमा सरकारको योजनवद्ध विकास प्रयासलाई सफल पार्न, सहभागितामूक योजना तथा आयोजनाको छनौट गरि जनताका दिगो आर्थिक बिकास सहित समर्गमा बिकास गर्नै उद्धेश्यले गुरुयोजना मार्फत स्थानीय स्रेत परिचान गर्न यो गुरुयोजना निर्माण गरिएको छ ।

गुरुयोजना निर्माणमा विषयगत तथ्याङ्क संकलन, विश्लेषण गरि स्रोतको न्यायोचित वितरण गर्न, गाउँ कार्यपालिकलाई तथ्य तथ्याङ्का आधारमा स्रेत परिचलान गर्न व्यवस्थापनलाई नीति, बजेट तथा कार्यक्रम लागु गर्न र कार्यक्रमको प्रभावकारीता तथा नतिजाको लेखाजोखा गर्न यो गुरुयोजनाको महत्वपूर्ण भुमिका रहने छ ।

गुरुयोजना निर्माण प्रक्रियामा हिमा गाउँपालिकाका जनप्रतिनिधि मार्फत राजनीतिक स्तर र तथा प्रमुख कार्यकारी अधिकृत सहित विषयगत शाखा प्रमुखहरुको स्तरमा प्राविधिक छलफल परामंश, ग्रमीण वस्ति स्तरमा घरधुरी संरक्षण गरि जनसांखिकिय, भौगोलिक, आर्थिक, सामाजिक, सास्कृतिक, पर्यावरणिय, ऐतिहासिक, पुरातात्विक लगायतका विभिन्न विषयगत क्षेत्रहरुको आधारभूत प्राथमिक तथ्याङ्क संकलन, विश्लेष गरि सार्न्दभिक उपयोगिता सहित समावेश गरिएको छ ।

गुरुयोजना निर्माण गर्दा राष्ट्रिय, अन्तराष्ट्रिय सार्न्दभिक साहित्य, योजना निर्माणका अभ्यास, संर्वधानिक, नीतिगत तथा कार्यविधिगत सर्न्दभ सामाग्रीहरुका सार्थ स्थानीय स्तरका जनताको राय, सुझाव, आवश्यकता, चाहान, मर्म र भावना, परम्परागत अभ्यास, स्थानयि लोक लचन तथा संस्कृतिक चरित्रको यर्थात चित्रण गर्ने प्रयास गरिएको छ ।

## १.२ प्रस्तावना

नेपालको संविधान २०७२ ले नेपाललाई एक बहुजातीय, वहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक तथा बहुभौगोलिक विविधतायुक्त राष्ट्रको रुपमा स्वीकार गर्दै नागरिक स्वतन्त्रता, मानव अधिकार, वालिग मताधिकारको सुनिश्चितता सहित सबै प्रकारका विभेदहरुको अन्त्य गर्दै आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामुलक सिद्धान्तका आधारमा समाजवाद उन्मुख समाजसहितको राष्ट्रको परिकल्पना गरेको छ । संविधानको भाग ४ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, भाग १७ स्थानीय कार्यपालिका, धारा २१४ स्थानीय तहको कार्यकारिणी अधिकार, भाग १८ स्थानीय व्यवस्थापिका, भाग १९ स्थानीय आर्थिक कार्यप्रणाली, भाग २० संघ, प्रदेश र स्थानीय तहबिच अन्तरसम्बन्ध, एवम् अनुसूचि ८ र ९ ले व्यवस्था गरेका प्रावधानहरुको प्रयोग गरी कर्णाली प्रदेश अन्तर्गत जुम्ला जिल्लाको साविकका कालिकाखेतु गाउँ बिकास समति, महाबैपातरखोला गाउँ बिकास समति र कालिकाखेतु गाउँ बिकास समितिलाई गाभेर हिमा गाउँपालिको हिमा नदिको नामबाट यस हिमा गाउँपालिको स्थापना भएको हो । यस गाउँको सन्तुलित समग्र विकास गरी समृद्ध गाउँ निर्माण गर्ने उद्देश्यका साथ यो २० वर्षे विकास गुरुयोजना तर्जुमा गरिएका छ । यो गुरुयोजनाले समृद्धिको लागि जनसहभागिता अभियानु लाई मार्गनिर्देश गर्नेछ ।

CS CamScanner

## १.३ गुरुयोजना निर्माणको उद्धेश्य

हिमा गाउँपालिकाको स्थापना पश्चात् यो नै पहिलो गुरुयोजना हो । गाउँपालिकाका विकासलाई मार्ग निर्देशन गर्न, गाउँवासीको सहभागितामा गाउँवासीहरुको सम्वृद्धी, र गाउँको समग्र विकासको लागि योजनावद्ध रुपमा विकास कार्यक्रमहरु सञ्चालन गर्न, नागरिकहरुको दक्षता र क्षमता अभिवृद्धि गर्न गाउँमा शुसासनको प्रत्याभूति गराउन, समृद्धीका लागि जनसहभागिता अभियान सफलतापूर्वक सञ्चालन गर्नको लागि यो गुरुयोजना तयार गरी लागु गरिएका छ र हिमा गाउँपालिकाले गाउँपालिका स्तरमा २० बर्षकालागि रणनीतिक योजना निर्माणका उद्धेश्यहरु यस प्रकार छन् ।

- योजना प्रक्रियालाई आम जनताको सहभागिताका तल्लो तह देखि योजना निर्माणका चरणहरुलाई व्यवहारमा कार्यान्वयन गर्न,
- बर्तमानका यथार्थ र भविष्यका आवश्यकताको परिपूर्तिकालागि साना, मफौला तथा बृहत्तर योजना/आयोजनाहरुको छनौट, प्राथमिकताक्रम निर्धारण गरि संधीय, प्रादेशिक र अन्य साझेदार निकायसंगको साझेदारीमा योजना सम्पन्न गर्ने,
- सिमित स्रोत साधानको परिचालन गरि, जनताको असिमित आवश्यकता र चाहानको सम्बोधन गर्ने,
- बिकास निर्माणको प्रक्रिया तथा प्रयासहरुमा आम जनताको स्वामित्व र अपनत्व सुनिश्चित गर्ने,
- जनसांख्यिकी, आर्थिक, सामाजिक, सांस्कृतिक, पेशागत, धार्मिक, साक्षरता, आर्थिक क्षेत्र, कृषि, पशु, महिला तथा बालवालिका, बन तथा वातावरणको आधारभूत सर्वेक्षण गर्ने,
- गाउँपालिका स्तरमा विषयगत क्षेत्रको प्रमुख सवाल पहिचान गरि सामाधानका उपायहरु पहिल्याउने,
- प्रस्तावित प्रमुख योजना तथा आयोजनाहरुको गुगल म्यापमा/जि.आई .एस नक्सा नक्साङ्कन गर्ने,
- हिमा गाउँपालिकामा रहेका सोत साधन तथा क्षमताको पहिचान गर्ने,
- प्रत्येक विषयगत क्षेत्रहरुको रणनीतिक लक्ष्य हासिल गर्न योजना, आयोजना तथा कार्यक्रम गुरुयोजनामा प्रविष्ट गर्ने,
- बिभिन्न क्षेत्रगत बृहत्त स्तरका, मझौला स्तरका तथा साना योजना तथा अयोजनाहरुको छनौट गरि प्राथमिकताक्रम निंधारण गरि बृहत्तर योजना तथा अयोजनाहरु को कार्यान्वय संधिय सरकार, मझौला स्तरका योजना तथा अयोजनाहरुको कार्यान्वयनप्रदेश सरकारको स्तरमा र साना अयोजनाहरुको कार्यान्वयन स्थानीय स्तरमा उपलब्ध स्रोत साधन बाट गर्ने ।

## १.४ गुरुयोजना तर्जुमा प्रक्रिया

गाउँ सभाले गुरुयोजनाले विकासका नयाँ संभावनाहरु खोज्न सक्ने र विकास प्रक्रिया संस्थागत र संगठित रुपमा अगाडी बढाउन सकिने सम्भावना बोध गरेपछि गाउँपालिका अध्यक्षको नेतृत्वमा गुरुयोजना निर्माणको पहल शुरु भयो । यसै सन्दर्भमा नेत्र जीवन हिमालयन ईन्सिटिच्यूट अफ एग्रिकल्चर फरेष्ट्रि रिसर्च एण्ड डिपलेप्मेण्ट प्रा.लि.को प्राविधिक सहयोगमा सवलतामा आधारित सहभागितामुलक योजना तर्जुमा विधीको प्रयोग गरी यो गुरुयोजना तर्जुमा गरिएका छ । यस गुरुयोजना तर्जुमा प्रक्रियामा नेपालको संविधानको प्रस्तावना, मौलिकहक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु, स्थानीय कार्यपालिका, स्थानीय व्यवस्थापिका, स्थानीय आर्थिक कार्यप्रणाली, संघ प्रदेश र स्थानीय तहबीच अन्तरसम्बन्ध तथा संविधानको अनुसूचि ८ र ९ ले गरेको व्यवस्थाहरुलाई ध्यान दिइएको छ । गाउँपालिकाको हाल मौजुदा अवस्थाको लेखाजोखा गर्न घरधुरी सर्वेक्षण, लक्षित समूह बैठक, सरोकारवाला छलफल, गाउँसभा सदस्यहरुसँग अन्तरक्रिया, गाउँसभा सदस्य र सरोकारवालाहरु संगको संयुक्त वैठक, द्वितिय आँकडा/तथ्याङकहरुको लेखाजोखा, खेस्रा गुरुयोजना उपर छलफल, प्रस्तावित खेस्रा योजनामा नागरिकको राय तथा सल्लाह संकलन लगायतका प्रक्रियाहरु अवलम्वन गरी यो गुरुयोजना तर्जुमा गरिएका छ । परामर्श दातृ सेवाकालीग गुरुयोजना निर्माणका क्रममा प्रमुख अध्ययन क्षेत्रहरु यस प्रकार उल्लेख गरिएको छ ।

CamScanner

### १.४.१ प्राथमिक तथा सहायक स्रोतका आधारमा तथ्याङ्क संकलन

गाउँमा स्तरमा घरधुरी सर्वेक्षण मार्फत संपूर्ण क्षेत्र विषयगता निकाय संग सम्वन्धित तथ्याङ्क संकलनकालीग स्थानीय शिक्षहरुको सहयोगमा तथ्याङ्क संकलन गरिएको छ । गाउँपालिकाका प्रमुख सवाल तथा समस्याहरुको पहिचान गरि, समस्या तथा सवालहरुको दिर्धकालिन सामाधानको उपाय सहित गुरुयोजना मार्फत नीति, कार्यक्रम तथा बजेटको व्यवस्थापन गर्न तथ्य, तथ्याङ्क र प्रमाणमा आधारित हुनेछ । विज्ञ टोली प्रतक्ष्य फिल्ड भ्रमण गरि त्यहाँको सामाजिक, सांस्कृतिक, पुरातात्विक, आर्थिक, जनसांख्कि, पर्यावरणिय, संस्थागत विकास, तथ्याङ्क, संरचनागत सूचना तथा तथ्याङ्क संकलन गरियो ।

बिषयगत तथ्याङ्कहरु गुगोलको सहयोगमा जि.पि.एस नक्साङ्कन समेत गरिएको छ । अध्ययनका क्रममा आवश्यक विषयगत तथ्याङ्क सूचनाहरु हिमा गाउँपालिकाको प्रोफाईल, नेपाल सरकारका विषयगत मन्त्रालय तथा विभागिय अर्न्तगतका सूचना व्यवस्थापन प्रणाली, हिमा गाउँपालिकाको विषयगत निकायका प्रतिवेदनहरु र अन्य एन.जि.ओ./आई .एन.जि.ओका प्रतिवेदलाई समेत सूचना तथा तथ्याङ्क संकलनकार्यमा सर्न्दभमा रुपमा लिएको छ ।

### १.४.२ गाउँपालिका बिकासकालीग प्रस्तावित/संभावित विकास आयोजना तथा विधमान संस्थाहरुको जि. आई. एस. नक्साङ्कन

टोपोग्रफी सर्वे र भौगोलिक सूचना प्रणाली - Geographical Information System को सहयोगमा कृषि पकेट क्षेत्र, पशुपालन पकेट क्षेत्र, बस्ति विकास पकेट क्षेत्र, औधोगिक ग्राम पकेट क्षेत्र, चरन क्षेत्र विकास, पर्यटन क्षेत्र विकास, सडक क्षेत्र, सिंचाई आयोजनाहरु, विधालय, स्वास्थ्यचौकी, प्रहरी चौकी, वडा कार्यालयहरुको गुरुयोजनामा नक्साङ्कन गरिएको छ ।

### १.४.३ प्राथमिकता क्रमका भौतिक पूर्वाधार विकास कार्यक्रमहरुको कार्यान्वयन योग्य वित्तिय प्रक्षेपण

हिमा गाउँपालिकाको विकास तथा समृद्धिको लक्ष्य हासिल गर्न प्रस्तावित भौतिक पूर्वाधार विकास अर्न्तगतका दिर्धकालिन रणनीतिक महत्वका आयोजनाहरु, आवाधिक योजना अर्न्तगत मध्यकालिन रणनीतक योजना तथा आयोजनाहरु तथा अन्य आधारभूत तहका योजना तथा आयोजनाहरु र सम्वन्धित विषय क्षेत्रगत योजना तथा आयोजनाको अनुमानित लागत प्रक्षपण समेत गरिएको छ ।

योजना तथा आयोजनाहरुकोहरुका वित्तिय श्रोत व्यवस्थापन गाउँपालिका बाट प्रस्तावित रणनीतिक महत्वका दिर्धकालिन आयोजनाहरुको गाउँपालिकाबाट पूर्व संभाब्यता अध्यन (Pre-Feasibility Study), लाभ लागत विश्लेष्ण (Cost Benefit Analysis), बिस्तृत आयोजना प्रतिवेदन (Detail Project Report) र प्रारम्भिक बातावरणिय प्रभाव मूल्याङ्कन (Initial Environmental Examination-IEE) वा बातावरणिय प्रभाव मूल्याङ्कन (Environmental Impact Assessment) गरि संधिय सरकार संग प्रस्तावना पेश गरिने छ । त्यस्तै मध्यकालिन आयोजनाहरुको आवश्यक अध्ययन प्रक्रिया पुरा गरि कर्णाली प्रदेश सरकारमा प्रस्तावना पेश गरिने छ । भने जनताका आधारभूत आवश्यकता संग जोडिएका विकास योजना, आयोजना तथा विविध कार्यक्रमहरु गाउँपालिकाको आन्तरिक श्रोतको परिचालन गरि कार्यान्वयन गरिने छ ।

### १.४.४ प्राथमिकतामा रहेका योजना तथा आयोजनाहरुको स्थानीय स्तरमा कार्ययोजना निर्माण

प्रस्तावित योजना, आयोजना तथा कार्यक्रमको समयमा कार्य सम्पादन गर्ने, कामको गुणस्तरियता कायम गर्ने, योजना तथा कार्यक्रमको योजना निर्माण चरण देखि जन सहभागिता, जनताको अपनत्व र स्वामित्व स्थापित गर्न र योजना तथा आयोजनाको दिगोपना तथा आपेक्षित नतिजा हासिल गर्न कार्ययोजना निर्माण गरि, उक्त मूलतः योजना तथा आयोजना कार्यान्वयन कार्ययोजनामा कार्यान्वयन समायाअवधि कार्ययोजनका आधारमा योजना तथा आयोजना कार्यान्वयन गरिने छ ।

कार्ययोजना निर्माण चरणमा योजनाको शुरुवात समय स्थानीय जनताको अनुकुलताका आधारमा मौषमि पात्रो Seasonal calendar तयार गरि, मौषमि पात्रमा स्थानीय जनताको जीवन पद्धती उल्लेख गरिएको हुन्छ । योजना



CamScanner

तथा आयोजनहरुको कार्यान्वयन स्थानीय जनताको समायनुकुल हुने गरि कार्यान्वयन योजना तयार गनु पर्दछ । शूरुवात गरिउको समय, सम्पन्न गरिने समय, संझौता मिति, निर्माण समागृी खरिद समय, कार्यक्रम कार्यान्वयन अवधि, गुणस्तर कायम गर्नकालीग प्राविधिक अनुगमन तथा मूल्याङ्कन जस्ता पक्षहरु समेटिएको हुन्छ ।

### १.४.५ योजना तथा आयोजना अनुगमन तथा मूल्याङ्कन

बर्तमान अवस्थामा संधिय, प्रदेश या स्थानीय सरकारका तर्फबाट संचालित योजना तथा अयोजनाहरुको अनुगमन तथा मुल्याङ्कन प्राविधिक कर्मचारीहरुको फिल्ड भ्रमण प्रतिवेदन र कार्यपालिकाका पदाधिकारी, वडा अध्यक्षहरु वा प्रमुख कार्यकारी अधिकृत वा अन्य कर्मचारीहरुको सहित अनुगमनका आधारमा योजनाको अनुगमन गर्ने अभ्यास रहेको छ ।

हिमा गाउँपालिकामा प्रस्तावित योजना तथा आयोजनाहरुको नियमित तथा आवधिक अनुगमन तथा मूल्याङ्कन अनुगमन योजना निर्माण गरि अनुगमन योजनाका आधारमा तीन तहमा अनुगमन गरिनेछ। योजना तथा आयोजनाको प्रभावको मूल्याङ्कन गुरुयोजनाको २० वर्षे अवधिमा दुई पटक बाह्रय परामर्शदाता संस्था वा स्वतन्त्र विशेषज्ञसंगको संलग्नतामा गरिने छ ।

योजना तथा आयोजनाको गुणस्तरियता कायम गर्न गाउँपालिका तोकिएका कर्मचारीबाट फिल्ड स्तरमा नियमित अनुगमन गर्ने । वडापालिका स्तरमा वडा अध्यक्षबाट अनुगमन गरि वडा अध्यक्षको सिफारिशमा किस्ता रकम भुक्तानी दिने र गाउँपालिका बाट अध्यक्ष, प्रमुख कार्यकारी अधिकृत, योजना अधिकृत र ईन्जिनीयर बाट अनुगन तथा मुल्याङ्कन गर्ने व्यवस्था गरिएको छ ।

योजना तथा आयोजनाको तोकिएको उद्धेश्य पूरा नभएको, लागत र लाभको अवश्थाको विश्लेषण गर्न, योजना तथा आयोजनाबाट लावान्वित जनसंख्या र उक्त आयोजनाले जीवन स्तरमा पारेको प्रभाव मूल्याङ्कन गरिने छ ।

### १.४.६ हिमा गाउँपालिकाको गुरुयोजना निर्माण

हिमा गाउँपालिकाको बर्तमान अवस्थामा, तथ्य र तथ्याङ्कमा आधारितभै गुरुयोजनाको २० वर्षको कार्यान्वयन अवधि भित्रमामा हासिल गर्ने लक्ष्य, उद्धेश्य हासिल गर्न तयार गरिएको रणनीतिक सोच सहितको खाँकाका रुपमा यो गुरुयोजना तयार पारिएको छ । यसमा हिमा गाउँपालिकाको विकास तथा समृद्धिकालीग तय गरिएको नारा ***“समृद्ध हिमा गाउँपालिका, सुखि हिमा बासी ”*** को नारालाई सार्थक पार्न अख्तियार गरिएका रणनीतिक लक्ष्य, विषयगत लक्ष्य, प्रस्तावित दिर्धकालिन उद्धेश्य, नीति तथा कार्यक्रम, मध्यावधिक आवाधिक अवधिकालीग प्रस्तावित योजना तथा आयोजनाहरु र विषयगत योजना, नीति तथा कार्यक्रम गुरु योजनामा समावेश गरिएको छ । हिमा गाउँपालिकाको प्रथम गुरुयोजना आ.व २०७७/०७८ बाट शुरुभै आ.व ०८१/०८२ सम्ममा कार्यान्वयन हुनेछ । यो गुरुयोजनाको आधार वर्षका रुपमा आ.व २०७७/०७८ लाई लिएको छ । गुरुयोजना निर्माणका क्रममा संकलन गरिएका घरधुरी सर्वेक्षणका तथ्याङ्क, सुचना, सुचक तथा परिसुचकहरु आधारभूत तथ्याङ्क हुने छन् भने गुरुयोजनाको उपलब्धिको मापन आधारभूत तथ्याङ्क तथा सुचकका आधारमा मापन गरिने छ ।

CamScanner

# परिच्छेद २ : पृष्ठभूमि

गाउँपालिकाले निर्धारण गरेका रणनीतिक उद्धेश्य प्राप्त गर्नकालीग तर्जुमा गरिएका नीति तथा कार्यक्रमहरु तथ्य तथा तथ्याङ्कमा आधारित हुनु पर्दछ। प्रस्तावित रणनीतिक योजना तथा आयोजना, मध्यावधिक आयोजना, पूर्वाधार विकासका संपूर्ण आयोजनाहरुको भौगोलिक, सामाजिक, आर्थिक तथा प्राविधिक रुपमा संभावनायुक्त क्षेत्रमा कार्यान्वियन गरिने छ । प्रस्तावित आयोजना प्राविधिक दृष्टिकोणले उपयुक्त छ/छैन, त्यसको दिगोपना, प्राकृतिक प्रकोपका दृष्टिकोणले उत्थानशिताको अवस्था के छ, जनताको चाहान र आश्यकतालाई समेट्न सक्छ वा सक्दैन, विकास निर्माणका योजना तथा आयोजनाहरुमा जनताको अपनोत्वको अवश्था के छ, लागत र लाभको अनुपात के छ, आदी सवालहरुको संबोधन गर्नकालीग योजना कार्यान्वयन गर्न पहिले पूर्व सम्भाब्यता अध्ययन गरि प्रतिवेदनका आधारमा योजना तथा कार्यक्रमा कार्यान्वयन गरिने छ ।

गुरुयोजना निर्माणका क्रममा योजना संग सम्वन्धित राष्ट्रिय अन्तराष्ट्रिय विकासका प्रयासहरु, चुनौती तथा सिकाईहरुको अध्ययन गरिएको छ । दिगो विकास लक्ष्य, राष्ट्रिय योजना आयोगले तय गरेको पन्धौ योजनामा प्रक्षेपित रणनीतिक लक्ष्य, विषयगत रणनीति, सिफारिश गरिएका नीति तथा कार्यक्रम, कर्णाली प्रदेश सरकार योजना आयोगको रणनीतिक योजना सान्दंभिक साहित्यकारुपमा लिएको छ ।

## २.१ गाउँपालिकाको अवस्था फिल्ड स्तरमा जाचँबुझ र छनौटका लागि प्रमाणिकरण

गुरुयोजना निर्माणका क्रममा विभिन्न विषय विज्ञ सहरी विकास विशेषज्ञ, वातावरण विज्ञ, सामाज शास्त्री र सिभिल ईन्जिनियर सहितको अध्ययन टोली मार्फत हिमा गाउँपालिकाको फिल्ड भ्रमण गरि वस्तु स्थितिको जाचँबुझ लेखाजोखा गरि आवश्यक तथ्य, तथ्याङ्क, भौगोलिक, सांस्कृतिक, सामाजिक, पुरातात्विक महत्व भोकेका स्थानहरु, समाजिक मूल्य मान्यता, चाल चलन, रिति रिवाज, भाषा संस्कृति, परम्परा, जन संख्या पर्यावरण, प्राकृतिक सम्पदा, जल, जमिन, जंगल, जनावर, जडिबुटि, जमीनको उपयोगिता सम्वन्धि प्रतक्ष्य अवलोकन, स्थानीय स्तरमा छलफल गरि फिल्ड स्तरमा अवश्था अध्ययन, प्रतक्ष्य अवलोकन तथा स्थितिको जाचँ बुझ लेखाजोखा गर्ने कार्य सम्पन्न भएको छ । हिमा गाउँपालिकाको बास्तविताको चित्रण गर्न र आधारभूत प्राथामिक तथ्याङ्क संकलन गर्न स्थानीय शिक्षकहरुलाई परिचलान गरि संकलन गरिएको छ । गुरुयोजनामा समावेश भएका जनसांख्किक, भौगोलिक, सामाजिक, संध संस्था, शिक्षा तथा साक्षरता, वन तथा वातावरण क्षेत्रका तथ्याङ्कहरु घरधुरी सर्वेक्षण फारम भरि संकलन तथा विश्लेषण गरिएको सुचना तथा तथ्याङ्क प्रयोग गरिएको छ ।

प्रस्तावित आयोजनाहरुको छनौटमा प्रमाणिकरणका सूचक तयार गरि योजना तथा आयोनजाहरुको प्रमाणिकरण गरिने छ ।

## २.२ प्रस्तावित योजना तथा आयोजनाहरुको पूर्व संम्भावब्यता अध्ययन

हिमा गाउँपालिकाको कार्यपालिकाबाट अनुमोदन तथा स्वीकृत गरिएका योजना तथा आयोजनाहरुको प्राविधिक दृष्टिकोणले संभावनाको लेखाजोखा, भौगोलिक अवस्था, खर्चको विवरण, लागत लाभको लेखाजोखा तथा योजना तथा आयोजनाको दिगोपनाको सुनिश्चितता गर्न पूर्व संम्भाव्यता अध्यन गरि प्राविधिक प्रतिवेदन पेश गरिने छ । उक्त पूर्व संम्भाव्यता अध्ययन प्रतिवेदनका आधारमा प्रस्तावित योजना तथा आयोजनाहरुको कार्यान्ययन प्रक्रिया अगाडि बढाईने छ ।

## २.३ गौरवका आयोजनाहरुको सम्भाव्यता अध्ययन तथा अन्य प्रतिवेदन

हिमा गाउँपालिकाले प्रस्तावित गाउँपालिका कार्यपालिकावाट अनुमोदित तथा स्वीकृत योजना तथा आयोनाहरुको संम्भाव्यता अध्ययनको क्रममा तपसिलका क्षेत्रहरुमा केन्द्रित रहेर अध्ययन गरि, प्रतिवेदनका आधारमा संधिय सरकारको सरकारको आर्थिक सहायतामा संचालन गरिने छ ।

CamScanner

### २.३.१ आर्थिक संम्भाव्यता

आर्थिक संम्भाव्यता अध्ययनका क्रममा मुलभूतः दुई वटा पक्षको अध्ययन तथा विश्लेषण गर्ने गरिन्छ। पहिलो पक्षः प्रस्तावित रणनीतिक महत्वका महात्वाकाँक्षी योजना तथा आयोनाहरुको प्रस्तावित प-र्याप्तताको अवस्था र दोस्रो पक्षः लागत वा खर्चको अनुपातमा लाभको विस्तृप्त अध्ययन तथा विश्लेषण गरिने छ।

हिमा गाउँपालिका आर्थिक बिकासका दृष्ट्रिकोणले एक महत्वपूर्ण स्थानका रुपमा रहेको छ। करिव २००० मि. को तल्लो तटीय क्षेत्रमा बगिरहेको हिमा नदिबाट विधुक्त उत्पादन गरि यहाँको आर्थिक विकास सुनिश्चित गर्न सकिन्छ। रणनीतिक आयोजनाका रुपमा हिमा गाउँपालिका द्वारा ठूला विधुक्त परियोजनाको परिकल्पना गरि, विधुक्त क्षेत्रमा आत्म निर्भर मात्र होईन उर्जालाई राष्ट्रिय प्रसारण लाईन मार्फत वितरण गरि आर्थिक लाभांश लिने रणनीतिक योजना प्रस्तावना गरेको छ।

यस क्षेत्रका जडिवुटी, कृषि उत्पादन, पशु पालन क्षेत्रका उत्पादन, प्राकृतिक तथा अन्य समाग्रिहरुको निकाश तथा पैठारी गरि आर्थिक विकास गर्ने रणनीतिक लक्ष्यका साथ सडक गुरुयोजना निर्माण गरि, यातायात क्षेत्रको सवलीकरण गर्ने उद्धेश्य लिएको छ।

कृषि पकेट क्षेत्र, पशुपालन पकेट क्षेत्र, ग्रमीण उधोग पकेट क्षेत्र, पर्यटन विकास प्रवद्धन क्षेत्र विकास प्रस्तावित योजनाको आर्थिक संम्भाव्यता अध्ययन गरि क्रमशः कार्यान्वयन गर्ने लक्ष्य गाउँपालिकाले लिएको छ। समर्ग आर्थिक संभावनको अध्ययनका लागि जडिबुटिको दिगो ब्यवस्थापन सहित प्रशोधन उधोग मार्फत आर्थिक विकासका क्षेत्रहरु विस्तार गरिने छ।

### २.३.२ सामाजिक संभाव्यता

गुरुयोजनामा प्रस्तावित योजना तथा आयोजनाहरुको सामाजिक क्षेत्रको सवालमा आधारित सुचकहरु निर्धारण गरि संम्भाव्यता अध्ययन गरिने छ। समाज भित्र रहेका जात जाति, वर्ग, लिङ्ग, धर्म, सामाजिक समावेशिकरण, सामाजिक न्याय, समता र समानताका सिद्धान्तका र उपयुक्तता दृष्ट्रिकोणले संभाव्यता अध्ययन गरिने छ। प्रस्तावित योजना तथा आयोजनहरुको सामाजिक स्ईकार्यता, सामाजिक समावेशिता, सामाजिक सावलको सम्वोधन, सामाजिक मनोभावनामा आधारित भएर संभाव्यता अध्ययन र विश्लेषण गरिने छ।

हिमा गाउँपालिकाले प्रस्ताव गरेका दिर्धकालिन, मध्यकालिन र तात्कालिन नीति, कार्यक्रम, योजना आयोजनाहरु निरपेक्ष गरिविको रेखा मुनी रहेका दलित, गरिब, विपन्न, बन्चितिकरणमा परेका, अल्पसंख्यक, जाती जनजाती को हितमा र उनीहरुको सर्वाङ्गिण बिकासलाई मध्यनजर गरेर प्रस्तावित छन्/छैनन् भन्ने सवाल अध्ययन, विश्लेषण गरि संम्भाव्य योजना तथा आयोजनाहरु प्रस्ताव गरिएको छ।

### २.३.३ वातावरणीय संम्भाव्यता अध्ययन

प्रस्तावित योजना, आयोजना तथा परियोजनाहरु वातावणिय क्षेती कम गर्ने, विपत जोखिम न्युकरण गर्ने र सामाजिक, सामुदायिक र संरचनागत उत्थानशिलता अभिवृद्धि गर्न वातावरणिय क्षेत्रको संम्भाव्यता अध्ययन गरि कार्यान्वयन गरिने छ।

वातावरणिय प्रभाव अध्ययन गर्न प्रत्येक योजना तथा आयोजनाको अनिवार्य रुपमा साना योजना आयोजनाहरुको हकमा वातावरण ऐन २०७७ अनुसार प्रारम्भिक वातावरण प्रभाव मूल्याङ्न (Initial Environmental Examination-IEE) र ठूला आयोजना तथा परियोजनाका हकमा वातावरणिय प्रभाव मूल्याङ्कन (Environmental Impact Assessment-EIA) गरिने छ।

प्रारम्भिक वातावरण प्रभाव मूल्याङ्न Initial Environment Examination (IEE) र वातावरणिय प्रभाव मूल्याङ्कन Environment Impact Assessment (EIA) वातावरण ऐन २०७७ ले ब्यबस्था गरे अनुसार प्रदेश सरकार र संधीय सरकारका तोकेको मन्त्रालय वा वातावरण शाखावाट पास गरि लागु हनेछन्।

CamScanner

### २.३.४ वित्तिय संम्भाव्यता :

प्रस्तावित ठूला आयोजना तथा परियोजनाकाकालीग वित्तिय संम्भाव्यता अध्यनका क्रममा आन्तरिक वित्तिय लाभ लागत विश्लेषण (Cost Benefit Analysis) औजारको प्रयोग गरि वित्तिय संभाव्यता अध्ययन गरिन्छ। आयोजनाको खुद निर्धारित मूल्य (Net Present and Future Value), ठूला परियोजनाकालीग अनिवार्य शर्तको रुपमा रहेको छ। हिमा गाउँपालिकाको आर्थिक क्षमता, वित्तिय सवलिकरण, वित्तिय व्यवस्थापन प्रणाली र बाह्रय सहयोगका आधारमा योजना तथा आयोजनाको छनौट तथा प्रस्ताव गरिएको छ।

### २.३.५ संस्थागत संम्भाव्यता :

हिमा गाउँपालिकाले प्रस्ताव गरेका बृहत्त, मझौला तथा साना योजना, आयोजना तथा परियोजनाहरुको कार्य संम्पादन गर्न संस्थागत क्षमता, संस्थागत कार्य संस्कृति तथा संस्थागत व्यवस्थापन प्रणालीमा निर्भर रहन्छ। हिमा गाउँपालिकाले बर्तमान अवश्थामा रहेको संस्थागत प्रणालीलाई सवलीकरण गरि आन्तरिक तथा सरोकारवाला संस्थाहरुको क्षमता, सुधार गर्नु पर्ने क्षेत्रको पहिचान गरि, देखिएका चुनौती तथा अवसरहरुको विश्लेषण गरि संस्थागत क्षमता अभिवृद्धि गर्ने रणनीति गुरुयोजनामा लिएको छ।

कार्य सम्पादनकालीग राजनीतिक प्रतिनिधिको व्यक्तिगत तथा संस्थागत क्षमता, विविध विषयगत शाखाहरुको प्रणालीगत र सूचना प्रणालीमा सूधार र सम्वन्धित सरोकारावाला ठेकेदार, उपभोक्ता समिति, वडा स्तरका कार्यालयहरुको संस्थागत सवलिकरणका गरि योजना तथा आयोजनाहरुको कार्यान्वयन गरिने रणनीति हिमा गाउँपालिकाले अख्तियार गर्ने छ।

### २.३.६ प्राविधिक संम्भाव्यता

प्रस्तावित योजना, आयोजना तथा परियोजना प्राविधिक दृष्ट्रिकोणले संभव, सुरक्षित, आयोजना स्थलको भौगोलिक अवस्थिति, हावापानी, माटोको संरचना, चट्टानको बनावट, उपयुक्त प्रविधिको प्रयोगको संभावनाको विस्तृप्त प्राविधिक अध्ययन गरि अध्ययन प्रतिवेदनका आधारमा आयोजना छनौट तथा कार्यान्वयन प्रक्रिया अगाडी वढाईने छ। प्राविधिक अध्ययनका क्रममा योजना तथा आयोजनाको ईन्जिनियरिङ्ग सर्वे, डिजाईन, लागत अनुमान, दक्ष, अदक्ष कामदारहरुको विवरण, आवश्यक कच्चा पदार्थको विस्तृप्त विवरण, आवश्यक प्रविधि, औजार, ईन्जिन समेतको प्रारम्भिक अध्ययनका आधारमा योजना, आयोजना कार्यान्वयकन चरणमा लिईने छ।

## २.४ गुरुयोजनाको रणनीतिक खाँका

गाउँपालिकाको भौगोलिक क्षेत्र, वस्तिको अवस्थिति, भौतिक पूर्वाधारको अवस्था, सामाजिक, आर्थिक, शैक्षिक क्षेत्रको वर्तमान अवस्था, सुचना तथा तथ्याङ्कलाई आधार मानेर गाउँपालिकाको विकास र समृद्धिको योजना बद्ध रणनीतिक खाँका तयार गरिएको छ।

यी आधारभूत तथ्य, तथ्याङ्क र सुचनालाइ आधार मानेर गाउँको संस्थागत विकासको रणनीतिक खाँका तयार गरिएको छ। यस अर्न्तगत गाउँपालिकाको परिदृष्य, लक्ष्य, उद्धेश्य र क्रियाकलापको पर्दछन्। विभिन्न स्तरमा छलफल तथा परार्मशको परिणाम स्वरुप गुरुयोजनाको खाँका यो रुपमा प्रस्तुत छ।

योजना, आयोजना तथा परियोजना कार्यान्वयन रणनीतिक खाँका अर्न्तगत योजना आयोजनाको निर्माण स्थानको अवश्था तथा आयामहरु, टोपोग्राफी सर्वेको अवस्था, कार्ययोजना निर्माणका चरणहरु, कार्यान्वयनका चरणहरु, सुचकमा आधारित अनुगमन तथा मुल्याङ्कन पद्धती तथा प्रणालीको विकास मुख्य रुपमा पर्दछन्। योजना, आयोजना कार्यान्वयकालगि लाग्ने लगानी, तत्कालिन उपलब्धिहरु, आशादित उपलब्धि तथा त्यसको प्रभावको क्षेत्रको अध्ययन विश्लेषण सहितको खाँका तयार गरि कार्यान्वयन गरिने छ।

गुरुयोजना निर्माणको रणनीतिक खाँकामा तपसिल बमोजिमका विषयवस्तुहरु समेटिएका छन्।

### २.४.१ संस्थागत तथा कार्यक्रमिक बिकासको रणनीतिक खाँका

**परिकल्पनामा आधारित नारा (Vision Slogan ):** ***"समृद्ध हिमा गाउँपालिका, सुखि हिमा वासी"***

CamScanner

**परिदृष्य :** हिमा गाउँपालिकामा उपलब्ध प्राकृतिक, भौतिक, जैविक, मानविय र वित्तिय श्रोतको न्योचित, समतामूलक र सहभागितमूलक पद्धतीमा परिचालन गरि सुखि हिमा वासि, समृद्ध हिमा गाउँपालिले तय गरेको नारामा टेकी सार्थक उपलब्धि हासिल गर्ने ।

**लक्ष्य :** दिगो आर्थिक तथा भौतिक पूर्वाधारको विकास मार्फत गरिवि न्युनिकरण, समानुपाति प्रतिनित्वका आधारित समावेशिकरण, जन सहभागिता, पारदर्शिता, जावाफदेहिता, जन उत्तरदायि शासकीय प्रणालीको स्थापना गरि जनताको जीवन पद्धतीमा सुधार ल्याउने ।

**उद्धेश्य :** हिमा गाउँपालिकाले तय गरेका रणनीतिक नारा, परिदृष्य र लक्ष्य हासिल गर्न गुरु योजनामा उद्धेश्यहरु उल्लेखित छन् ।

- भौतिक पूर्वाधार क्षेत्र विकास अर्न्तगतका योजना, आयोजना तथा परियोजनाहरुलाई दिर्धकालिन, मध्यकालिन र अत्पकालिन अवधिमा स्तरिकरण गरि संध, प्रदेश सरकार तथा अन्य दाता निकायसंगको अनुदान साझेदारी र लागत साझेदारीमा सम्पन्न गर्ने,
- गाउँपालिको सवल पक्ष, सुधार गर्नु पक्ष, अवसर तथा चुनौतीहरुको लेखाजोखा गरि संस्थागत विकास गरि सेवा तथा वस्तु प्रवाहमा प्रभावकारीता ल्याउने,
- शासकीय सुधार, गाउँपालिकाका आवश्यका कानुन, कार्यविधि, नीति निर्माणमा जन प्रतिनिधिहरुको क्षमता अभिवृद्धि मूलक कार्यक्रम संचलान गर्ने,
- गाउँपालिका अर्न्तगतका विभाग, विषयगत शाखा, फाँटहरुमा विधुत्तिय सूचना प्रविधिमा आधारित सूचना व्यवस्थापन प्रणाली (Information Management System) को स्थापना वा अध्यावधिक गर्ने,
- गाउँपालिका सेवा क्षेत्रमा सेवा प्रावाह वा वस्तु वितरणमा प्रभावकारीता, गुणस्तरको सुनिश्चिता, पारदर्शिता, जन जवाफदेहिता, जनता प्रति उत्तरदायि सरकारको स्थापना गर्ने र गराउने,
- योजना, आयोजना तथा परियोजनाहरुको तोकिएको समायावधिमा सम्पन्न गर्न, कामको गुणस्तर कायम गर्न अनुगमन तथा मूल्याङ्कन कार्य योजना निर्माण गरि, सोही अनुसार अनुगमन तथा मूल्याङ्न गर्ने,
- उपभोक्ता समिति, विभिन्न गाउँपालिका स्तरिय वा वडा पालिका स्तरिय उपभोक्ता समिति, समुह वा संस्थाहरुमा महिला, दलित, जनजाति, अल्पसंख्यक समुदायको समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गर्ने

**रणनीतिक क्रियाकलापहरु :** हिमा गाउँपालिकाले तय गरेका उद्धेश्य हासिल गर्न तपसिलमा उल्लेखित रणनीतिक क्रियाकलापहरु यस प्रकार उल्लेख गरिएका छन् ।

- अनुगमान तथा मूल्याङ्कन प्रणालीलाई व्यवस्थित गर्न GIS Enabled Data Based Monitoring System क्रमश: लागु गर्दे जाने,
- उपलब्ध श्रोत साधानको अधिकतम सदुपयोगा गरि जनताका असिमित चाहान र आवश्यकताको परिपर्ति गर्ने,
- निरपेक्ष गरिविको रेखा मुनी रहेका जनता पहिचान गरि गरिवि न्युनिकरणकालीग विशेष कार्यक्रम मार्फत चरम गरिवि अवश्थामा क्रमश सुधार ल्याउने,
- वर्तमान कोराना भाईरसको कारणले अर्थतन्त्रमा र जनजीवनमा पारेको प्रभावलाई न्युनिकरण गर्न कृषि तथा पशु क्षेत्रका संभावना पहिल्याउने र स्वरोजगार मूलक कार्यक्रम संचलान गर्ने,
- कोराना भाइरसको बढ्दो प्रभावलाई रोक्न स्वास्थ्य क्षेत्रलाई विशेष प्राथामिकतामा राख्ने,
- विधालयहरुलाई दक्षता, योग्यता र कार्य प्रभावकारीता र नतिजामा आधारित सुचक निर्धारण गरि स्तरिकरण गर्ने र सोही स्तरिकरण अनुसार बजेट विनियोजन लगायत सेवा सुविधा प्रवाहमा प्राथामिकीकरण गर्ने,
- बिधालयको अवसरबाट बञ्चीतिकरणमा रहेका बालिबालिकाहरु पहिचान गरि विधालय शिक्षाको पहुँच अभिवृद्धि गर्न आवासिय विधालयको भौतिक तथा शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने,
- विधालय निरीक्षक, प्रधानाध्यापक, विधायलय शिक्षक, व्यवस्थापन समितिको दक्षता तथा क्षमता अभिवृद्धिमूलक कार्यक्रम संचालन गर्ने,
- विधालयको बिधालय स्तरिय गुरुयोजना निर्माण गरि सोही अनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको बिकास गर्ने,

CamScanner

- स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधारको अवस्थाको लेखा जोखा गरि योजनावद्ध रुपमा भवन, घेरावार, स्वास्थ्य समाग्री लगायतका क्रमश : विकास गर्दै जाने,
- कालिकाखेतू PSC लाई १५ शैयाको हस्पिटलमा स्तरवृद्धि गर्ने,
- कृषि क्षेत्रमा स्याउ, लसुन, ओखर, तरकारी बाली, अन्नबाली पकेट क्षेत्र विकास गरि उत्पादन तथा उत्पादत्व अभिवृद्धि गर्ने ,
- साविकका गा.वि.सहरुमा ठूलो क्षमता भएका कोल्ड स्टोरको निर्माण गर्ने,
- प्रदेश सरकारको सहयोगमा एक धर, एक बगैंचा कार्यक्रममा साझेदारी गरि कार्यक्रमलाई सफल पार्ने,
- संध सरकार संगको सहयोगका लागि गाउँपालिका स्तरिय गौरवका सडक, बृहत सिंचाई, बृहत्त खानेपानी, पर्यटन विकासका योजना आयोजनाहरुको विस्तृप्त परियोजना प्रतिवेदन, बातावरण प्रभाव मुल्याङ्कन गरि प्रस्तावना पेश गर्ने,
- बन तथा वातावरण क्षेत्र अर्न्तगत जडिवुटिको दिगो व्यवस्थापन गरी २ वटा जडिबुटि प्रशोधन केन्द्र स्थापना गर्न आवश्यक पहल गर्ने,
- पशुपालनका संभावित चरन क्षेत्रको विकास गरि मासु तथा पशु उधोगको व्यवस्थापन, प्रर्वद्धन, उत्पादन तथा बजारीकरणको श्रृखलामा सहयोग गर्ने,
- गाउँपालिका संभावित बजार क्षेत्रहरु पहिचान गरि नक्साङ्कन गर्ने र एकिकृत सहरि विकास गुरुयोजना निर्माण गरि क्रमश : संध तथा प्रदेश सरकारको सहयोगमा नयाँ संरचना सहितको बजार केन्द्रको स्थापना गर्ने,
- औधोगिक ग्राम क्षेत्रको पहिचान गरि आवश्यक अध्ययन गर्ने र क्रमश : ग्रामीण उधोग स्थापना गर्ने आवश्यक पहल गर्ने,
- पर्यटन विकासकालागि विभिन्न संभावित गतब्य स्थलको मापन गरि आवश्यक पूर्वाधारको विकास गर्ने र होम स्टे र अर्गानिक खानलाई विशेष जोड दिने ।

## २.५ भौतिक पूर्वाधार विकास तथा विषयगत गुरुयोजना

भौतिक पूर्वाधार विकास योजना प्रक्रियाको शूरुवात प्रस्तावित पूर्वाधार विकास योजना, आयोजना वा परियोजनाहरुको संम्भाव्यता अध्ययन र रणनीतिक खाँका तयारी प्रक्रिया बाट शुरु हुन्छ । यो गुरुयोजनामा तीन किसिमका भौतिक पूर्वाधार विकासका योजना, आयोजना तथा परियोजनाहरु प्रस्तावित गरिएका छन् । दिर्धकालिन रणनीतिक योजना, मध्यावधिक रणनीतिक योजना र अल्पकालिन योजनाहरु समावेश गरिएका छन् ।

गुरुयोजनामा तोकिएका लक्ष्य, उद्धेश्य हासिल गर्न भौतिक पूर्वाधार विकासका साथै शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, सडक यातायत, सिंचाई, कृषि विकास, पशु क्षेत्र, जैविक विविधत्ता, विधुत्त तथा उर्जा, बन तथा वातवरण, शहरी विकास, ग्रमीण उधोग, सूचना तथा सञ्चार विकास विषयगत क्षेत्रका छुट्टा छुट्टै रणनीतिक योजना वा गुरुयोजना तयार गरि कार्यान्वय गर्न सकिने छ । जसले एकिकृत रुपमा गाउँपालिकाको समर्ग लक्ष्य प्राप्तिमा सहयोग गर्नेछ ।

## २.६ पूर्व साहित्य अध्ययन

पूर्व साहित्य अध्ययन योजना निर्माणको राष्ट्रिय अन्तराष्ट्रिय ईतिहास, अभ्यास, यसका चुनौती तथा सिकाई सहित अध्ययन क्षेत्रको दायरा फराकिलो बनाउन र आवश्यकत सैद्धान्तिक अवधारणा समाहित गर्न पूर्व साहित्य अध्ययन गर्ने गरिन्छ । मुलत: यसमा नेपालमा आवाधिक योजनाको ईतिहास र अभ्यासमा केन्द्रित रहने छ । नेपालको संबिधान २०७२ का संवैधानिक प्रावधान, तीन तहका संवैधानिक सरकारका अधिकार क्षेत्र, कर्तब्य तथा आत्मनिर्भर र अर्न्तनिर्भर विषयगत क्षेत्रको अध्ययन गरिएको छ ।

### २.६.१ नेपालमा योजनावद्ध विकास प्रयास

नेपालमा योजनावद्ध आर्थिक विकासको प्रयास ई.सं १९५६ ( वि.सं २०१३), प्रथम पञ्चबर्षिय योजना २०१३-२०१८ संगै भएको थियो । हाल नेपालमा पन्धौ पञ्चवर्षिय संचालित छ । पन्धौं पञ्च बर्षिय योजनामा उल्लेखित रणनीतिक लक्ष्य, उद्धेश्य, नीति तथा प्राथमिकता हिमा गाउँपालिका को प्रथम रणनीतिक गुरुयोजना निर्माणका लागि मूल मार्गदर्शनका रुपमा लिएको छ । कर्णाली प्रदेश सरकार योजना आयोगको रणनीतिक योजनाको खाँका यो योजना निर्माणको प्रमुख श्रोतको रुपमा लिएको छ ।

CamScanner

पन्धौं पञ्च बर्षिय योजनालाई नेपाल सरकारको ***"समृद्ध नेपाल, सुखि नेपाली"*** को राष्ट्रिय नारालाई स्थानीयकरण गरि, राष्ट्रिय लक्ष्यलाई ठोस योगदान पुर्‍याउन हिमा गाउँपालिकाको नारा ***"समृद्ध हिमा गाउँपालिका, सुखि हिमा वासी"*** तय गरिएको छ ।

दिगो बिकास लक्ष्य (Sustainable Development Goal) का उल्लेखित रणनीतिक लक्ष्य, उद्धेश्य र कार्याक्रमिक सूचकहरु लाई योगदान गर्न सक्ने रणनीतिक लक्ष्य, उद्धेश्य र विषय क्षेत्रगत रणनीति, कार्यनीति, कार्यक्रम तथा बजेट पन्धौं योजना अयोगको निर्देशक मार्ग दर्शनका रुपमा लिएको छ ।

सन् २०२२ सम्म नेपाललाई मध्यम बिकासशिलत राष्ट्रका स्तरोउन्ति गर्ने लक्ष्यलाई हिमा गाउँपालिका को २० बर्षे रणनीतिक योजना वा गुरुयोजनाले महत्वपूर्ण योगदान प्रदान गर्ने छ । पन्धौं योजनामा राखिएका आर्थिक, सामाजिक, बातावरणिय, संस्थागत विकास, पूर्वाधार बिकास क्षेत्रका क्षेत्रगत रणनीतिक लक्ष्यकै लाईनमा हिमा गाउँपालिकामा विशिष्ट्रिकृत, शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, बन तथा वातावरण, विधुक्त तथा उर्जा, सूचना तथा सञ्चार, सडक, पर्यटन, संस्थागत बिकास बिषयगत क्षेत्रको रणनीतिक लक्ष्य, उद्धेश्य तय गरि सोही आधारमा स्रोत परिचालन गरिने छ ।

## २.६.२ गुरुयोजना निर्माण पद्धती र संरचनागत योजना

गुरुयोजना निर्माण पाश्चात्य अवधारण र अभ्यासमा आधारित पद्धती हो । परम्परागत रुपमा गुरुयोजना क्षेत्रगत बिकास योजना, भु-उपयोग गुरुयोजना, शहरी बिकास गुरुयोजना जस्ता पूर्वाधार बिकास संग सम्बन्धित रहेको देखिन्छ । Wapwera and Egpu (2013) भनाई अनुसार गुरुयोजनाको परिभाषा अर्न्तगत लामो अवधिको बिकास र समृद्धिकोलागि आशादित उपलब्धि हासिल गर्न आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार, बस्ति विकास, क्षेत्रगत तथ्याङ्क, बस्तुगत विवरण सहित बृहत्तर विकासको समर्ग खाँका नै गुरुयोजना हो ।

P.B. Chhetri का अनुसार राजनीतिक परिर्वतन संगै विकासका मोडल, प्रक्रिया र प्रणालीगतरुपमा दिर्धकालिन प्रभाव पार्न बिकास र समृद्धिको परिकल्पनालाई संस्थागत गर्ने, सोही बमोजिम संस्थागत लक्ष्य, उद्धेश्य, नीति तथा कार्यक्रम प्रस्तावित गर्ने र उपलब्ध श्रोत साधनको न्योचित, सार्न्दभिक र औचित्यपूर्ण ढंगबाट परिचालन गर्ने योजनावद्ध प्रयासनै गुरुयोजना हो । P.B. Chhetri ले आधुनिक शहरी विकासको रणनीतिक खाँका ई.सं १९५५ (बि.सं २०१२) सालमा राजा महेन्द्र संग प्रस्तुत गरि, नेपालको योजनावद्ध विकासमा दिर्धकालिन सोच र लक्ष्य राजा महेन्द्रका् क्षेत्रीय सन्तुलित विकास विकास पद्धती प्रणालीमा प्रतिविम्वित भएको देखिन्छ । ई.सं १९६२ (बि.सं २०१९) सालमा बेलायतकी महारानी नेपाल भ्रमणमा आउदा आधुनिक शहरीकरण विकास गुरुयोजना र क्षेत्रीय सन्तुलित बिकास मोडलको प्रस्तुतिकरण हुदा उहाँको पहलमा संयुक्त राष्ट्र संधको महासभा बाट पारितभै " The Comprehensive and Balance Regional Physical Development Plan for Nepal in 1969 " पारितभै सयुक्त राष्ट्र संधको सहयोगमा नेपालको विविध क्षेत्रमा विकास भएको थियो ।

(Joshi, 2008) का अनुसार निश्चित क्षेत्र, विषय वा भूगोलको बारेका मौजुदा अवश्थाको तथ्यगत विवरण संकलन, विश्लेषण, योजना निर्माण, सर्वे, डिजाईन, लागत अनुमान, कार्यक्रम कार्यान्वय, अनुगमन तथा मुल्याङ्कन समेत उल्लेखित विकास प्रयासको एक मूल दस्तावेजका रुपमा गुरुयोजनालाई बुझ्न सकिन्छ । गुरुयोजना निर्माण र त्यसको कार्यान्वयनका प्रति (Joshi, 2008) आलोचनात्मक समर्थन र आलोचनात्मक टिप्पणि राखेका छन् । उनका अनुसार गुरुयोजनाले आन्तरिक क्षमता र श्रोतमा आधारित भएर नीति, कार्यक्रम र बजेट सिमितता हुने र रणनीतिक सोच, दिर्धकालिन महत्वका योजना, आयोजना र विकास प्रयासको परिकल्पना गर्ने हुदा, राजनीतिक नेतृत्व र ब्यवस्थापनलाई थप चुनौतीका रुपमा रहन्छ । चुनौतीको समाधान गर्न नसक्ने अवस्थामा जन विश्वाश र आत्म विश्वाशमा समेत आगात पर्न सक्छ ।

गुरुयोजनाको विकल्पका रुपमा ई सं १९८८ (बि.सं २०४५) सालमा संरचनागत योजना शहरी विकास तथा भवन विभाग अर्न्तगत लागु गरियो । नेपालका ३३ वटा नगरपालिकाहरुमा परिक्षण परियोजनाका रुपमा संरचनागत योजना (Structural Plan) लाई लागु गरिएको थियो ।


संरचनागत योजनामा आधारित विकास प्रयासमा केवल योजना तथा आयोजनाको विस्तृप्त विवरण, तथ्याङ्क, सूचना, ईन्जिनियरिङ्ग डिजाईन, लागत ईस्टमेट, कामदारहरुको विवरण, सामाग्रीको विवरण, योजना स्थलको संभाव्यता अध्ययन



CS CamScanner

# हिमा गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना, २०७६-२०८७

# Water, Sanitation and Hygiene Plan of Hima Rural Municipality, 2020-2030




प्रकाशक :

**हिमा गाउँपालिका**

जुम्ला, कर्णाली प्रदेश

नेपाल

# हिमा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कालिकाखेतु, जुम्ला
कर्णाली प्रदेश, नेपाल

पत्र-संख्याः- ०७६/७८
चलानी नम्बरः- १८३

मितिः- २०७६।०६।२०

विषयः-

श्री ..............................................

**मन्तव्य**

हिमा गाउँपालिकाको खानेपानी सरसफाई तथा स्वच्छताको क्षेत्रमा हालको अवस्था पत्ता लगाई गाउँपालिकामा सरल र उच्चतम प्रविधि मोबाईल एप्लीकेशनको सहायताले सवै घरधुरी, सार्वजनीक स्थल, सस्थाहरु र विद्यालयहरुको भौगोलिक अवस्थिती (GPS) सहितको तथ्याङ्क संकलनको प्रतिफल स्वरुप विश्वसनीय अनि निर्णय कर्ताहरुको लागि अत्यन्त उपयोगी खाने पानी सरसफाई तथा स्वच्छता गुरु योजना (वास मास्टर प्लान) निमार्ण गरि प्रकाशन गर्न यो गाउपालिका सफल भएको छ । वास प्लान तयार गर्दा गाउपालिकाको स्थलगत सर्वेक्षणबाट प्राप्त तथ्याङ्क तथा नतिजाहरुलाई विश्लेषण गरि तयार गरिएको यो वास मास्टर प्लान गाउँपालिकाको अमूल्य सम्पत्तीको रुपमा रहि प्रत्येक घरधुरीगत सार्वजनिक स्थलहरु, विद्यालयहरु र सरकारी तथा गैर सरकारी संस्थाहरुको लागि वास क्षेत्र सम्बन्धित तथ्याङ्क प्रयोग गर्न निकै उपयोगी साध्य हुनेछ । यस क्षेत्रमा काम गर्ने सम्पुर्ण सरोकारवाला हरुको लागि तथ्यपुरक र विश्वसनिय ढंगले आवश्यक तथ्याङ्क प्राप्त गर्न निकै सहज वन्ने आशाका साथ यो वास मास्टर प्लान तयार गरिएको छ ।

हाल संकलन गरिएको तथ्याङ्क र त्यसबाट तयार गरिएका विभिन्न दस्तावेजहरु यस गाउपालिकाको सम्वन्धीत विकास निर्माणका गतिविधीहरु कार्यन्वययन गर्न निकै उपयोगी देखिएका छन । सम्भवतः यस्तो आधुनिक प्रविधि मैत्री गाँउपालीका वास योजना वनाउने हिमा गाउँपालिकाका लागी थप जिम्वेवारी बोध समेत भई अन्य स्थानिय तहलाई पनि सिकाई गर्ने अवसर प्राप्त हुने अपेक्षा गरिएको छ ।

नेपाल सरकारको दिगो विकास लक्ष्य नं ६ लाई लक्षित गरि सन् २०३० सम्म हिमा गाउँपालिकामा सबैलाई प्रयाप्त ,पहुँचयाग्य र गुणस्तरिय सुरक्षित खानेपानि, सरसफाई र स्वच्छताको लक्ष्य हासिल गर्न यो वास योजनाको सफल कार्यन्वयनका लागी गाउँपालिकाको तर्फ बाट पूर्ण प्रतिबद्धता व्यक्त गर्दछु । गाउँपालिका वास योजना अनुसाको लक्ष्य समयमै हासिल गर्न नेपाल सरकार, कर्णाली प्रदेश सरकार, विकास साझेदार निकायहरु, सरकारी तथा गैर सरकारी संघ संस्थाहरु र अन्य सबै सरोकारवाला पक्षहरुबाट अमुल्य सहयोग प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु । गाउँपालिका एक्लैको पहलमा मात्र निर्धारित लक्ष्य हासिल नहुने कुरा पक्का नै छ, तसर्थ हिमा गाउँपालिका बासी आदरणीय जनसमुदायहरु, राजनैतिक दलहरु, समाजसेवि, बुद्धिजिवि सबैको सल्लाह सुझाब अनि साथ र सहयोग मिल्ने छ भन्ने अपेक्षा गर्दछु ।

हिमा गाउँपालिकाको वास योजना तयार गर्नका लागि आर्थिक सहयोग उपलब्ध गराउने वाटर एड नेपाल र प्राविधिक सहयोग उपलब्ध गराउने किर्डाक नेपाल प्रति धेरै आभारी छौ र धन्यवाद ज्ञापन गर्न चाहन्छौ ।

यो वास योजना तयार गर्न तथ्याङ्क संकलन गर्ने सहकर्मीहरु जनप्रतिनिधि मित्रहरु, वडा तह तथा पालिका तहका वास गुरु योजना कार्यदलका सदस्यहरु लगायत गाउँपालिकाका कर्मचारी मित्रहरु सहित प्रत्यक्ष र अप्रत्यक्ष सहयोग पुऱ्याउनु हुने सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

हिमा गाउँपालिकामा सबैका लागि सुरक्षित खानेपानी, सरसफाई र स्वछताको लक्ष्य हासिल गर्ने अभियानमा सबै सरोकारवाला पक्षहरुको साथ सल्लाह सुझाव र सहयोग प्राप्त हुनेछ र वास योजनाको सफल कार्यन्वयन गर्न हिमा गाउँपालिका सफल हुनेछ भन्ने विश्वास प्रकट गर्न चाहन्छु ।

**धन्यवाद ।**

रजबहादुर शाही
अध्यक्ष

..............................
रज बहादुर शाही
अध्यक्ष
हिमा गाउँपालिका,जुम्ला

# हिमा गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय

कालिका खेत्तु, जुम्ला ।

कर्णाली प्रदेश, नेपाल

प. स. :-०७७/०७८
च. नं. :-१८४

मिति :-२०७७/०७/१८

## मन्तव्य

हिमा गाउँपालिकाको खानेपानी सरसफाई तथा स्वच्छताको क्षेत्रमा हालको अवस्था पत्ता लगाई गाउँपालिकामा सरल र उच्चतम प्रविधि (NWASH) मोबाईल एप्लीकेशनको सहायताले सबै घरधुरी, सार्वजनीक स्थल, सस्थाहरु र विद्यालयहरुको भौगोलिक अवस्थिती (GPS) सहितको तथ्याङ्क संकलनको प्रतिफल स्वरुप विश्वसनीय अनि निर्णय कर्ताहरुको लागि अत्यन्त उपयोगी यो हिमा गाउँपालिका खाने पानी सरसफाई र स्वच्छता गुरु योजना (वास मास्टर प्लान) तयार गर्न गाउँपालिका सफल भएको छ । वास प्लान तयार गर्दाका विभिन्न स्थलगत सर्वेक्षणबाट प्राप्त तथ्याङ्क तथा नतिजाहरुलाई विश्लेषण गरि तयार गरिएको यो वास मास्टर प्लान प्रतिवेदन गाउँपालिकाको अमूल्या सम्पत्तीको रुपमा रहन प्रत्येक घरधुरीगत सार्वजनिक स्थलहरु, विद्यालयहरु र संस्थाको वास क्षेत्र सम्बन्धित तथ्याङ्क आवश्यकता अनुसार विश्लेषण गरि तथा कार्यन्वयनका लागि निकै उपयोगी हुनेछन् । यसले हामी निर्णय कर्ताहरुलाई पारदर्शी र बस्तुपरक ढंगले निर्णय लिन निकै सजिलो बनाउनेछ ।

संकलन गरिएको तथ्याङ्क र त्यसबाट तयार गरिएका नक्साहरु अन्य विकास निर्माण गतिविधिहरुको निर्णय तथा कार्यन्वयन गर्न उपयोगी हुने देखिएका छन् । सम्भवत: यस्तो प्रविधि मैत्री गाँउपालीका वास योजना बनाउने हिमा गाउँपालिकाका लागी थप जिम्वेवारी बोध समेत भएको छ ।

सन् २०३० सम्म हिमा गाउँपालिकामा सबैलाई सुरक्षित खानेपानि, सुरक्षित सरसफाई र स्वच्छताको लक्ष्य हासिल गर्न यो वास योजनाको सफल कार्यन्वयनका लागी गाउँपालिकाको तर्फ बाट पूर्ण प्रतिबद्धता व्यक्त गर्दछु र गाउँपालिका वास योजना अनुसाको लक्ष्य समयमै हासिल गर्न नेपाल सरकार, कर्णाली प्रदेश सरकार, विकास साझेदार निकायहरु, सरकारी तथा गैर सरकारी संघ संस्थाहरु र अन्य सबै सरोकार बाला पक्षहरुबाट अमुल्य सहयोग प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु । गाउँपालिका एक्लैको पहलमा मात्र निर्धारित लक्ष्य हासिल नहुने कुरा पक्का नै छ, तसर्थ हिमा गाउँपालिका बासी आदरणीय जनसमुदाय हरु, राजनैतिक दल हरु, समाजसेवि बुद्धिजिवि सबैको सल्लाह सुझाब अनि साथ र सहयोग मिल्ने छ भन्ने अपेक्षा गर्दछु ।

हिमा गाउँपालिकाको वास योजना तयार गर्नका लागि आर्थिक सहयोग उपलब्ध गराउने वाटर एड नेपाल र प्राविधिक सहयोग उपलब्ध गराउने किर्डाक नेपाल प्रति हामी धेरै आभारी छौ र धन्यवाद ज्ञापन गर्न चाहन्छौ । यो वास योजना तयार गर्न ठूलो योगदान दिने तथ्याङ्क संकलन सहकर्मी हरु जनप्रतिनिधि मित्रहरु, वाडा तह तथा पालिका तहका बास गुरु योजना कार्यदलका सदस्यहरु लगायत गाउँपालिकाका कर्मचारी मित्रहरु लगायत प्रत्यक्ष, अप्रत्यक्ष सहयोग पुऱ्याउनु हुने सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

हिमा गाउँपालिकामा सबैका लागि सुरक्षित खानेपानी, सरसफाई र स्वछताको लक्ष्य हासिल गर्ने अभियानमा सबै सरोकारवाला पक्षहरुको साथ सल्लाह सुझाब र सहयोग प्राप्त हुनेछ र वास योजनाको सफल कार्यन्वयन गर्न हिमा गाउँपालिका सफल हुनेछ भन्ने विश्वास प्रकट गर्न चाहन्छु ।

धन्यवाद ।

.................
मीन बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

# अध्याय-१

# खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजनाको परिचय

## १.१ पृष्ठभूमि

खानेपानी तथा सरसफाइलाई जनताको मौलिक अधिकारको रुपमा स्थापित गर्ने विश्वका सिमित देशहरूमध्ये नेपाल पनि एक हो । नेपालको संविधान २०७२ को भाग ३ को मौलिक हक र कर्तव्यको धारा ३५ को उपधारा ४ मा "प्रत्येक नागरिकलाई खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ" भन्ने व्यवस्था गरिएको छ । संविधानमा परिकल्पना गरिए अनुसारको खानेपानी तथा सरसफाइ (खासस्व) सेवा सबै नागरिकको पहुँचसम्म पुऱ्याउनका लागि स्थानीय सरकारको संरचनागत सुदृढिकरण तथा क्षमता अभिबृद्धि गर्नु अपरिहार्य छ । वर्तमान परिवेशमा खानेपानी, सरसफाइ र स्वच्छताको दायरा फराकिलो भएर प्रतिष्ठा, स्वास्थ्य, विकास निर्माण, जनजीविका, सामाजिक सशक्तिकरण र समृद्धिको आधारस्तम्भको रुपमा रुपान्तरित भइ विकासको अभिन्न अंगको रुपमा स्थापित भएको छ ।

जुनसुकै समयमा, जो सुकैलाई र जहाँसुकै पनि प्राप्त हुने, सुरक्षित, पर्याप्त, सुलभ, स्वीकार्य र खर्च बहन सामर्थ्ययोग्य खानेपानी, सरसफाइ र स्वच्छता सेवाको माध्यमबाट सार्वजनिक स्वास्थ्य र जीवनस्तरमा सुधार गर्नु नेपाल सरकारको खासस्व क्षेत्रको प्रमुख लक्ष्य रहेको छ । सो लक्ष्य प्राप्तिका लागि नेपाल सरकारको खानेपानी मन्त्रालय अन्तर्गत खानेपानी तथा ढल व्यवस्थापन विभागले नेपाल खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र विकास योजना (WASH Sector Development Plan) २०७४-२०८७ को Draft तयार गरेर योजनाबद्ध रुपले खानेपानी र सरसफाइको पहुँच जनतासम्म पुऱ्याउने रणनीतिहरू तय गरेको छ ।

हालसालै नेपाल सरकार खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभागको प्रगति प्रतिवेदनहरूमा आधारभूत स्तरको खानेपानीको पहुँच ९० प्रतिशत र आधारभूत स्तरको सरसफाइको पहुँच १०० प्रतिशत घरधुरीमा पुगेको छ भनिएको छ । यसैगरी गत आश्विन १३, २०७६ का दिनमा देशलाई नै खुला दिसामुक्त देश घोषणा गरिएको छ । यसरी अबको अभियान पूर्ण सरसफाइतर्फ उन्मुख गर्नु पर्नेछ । सो पूर्ण सरसफाइ कार्यक्रमलाई एकताबद्ध गर्न र सरकारी तथा गैरसरकारी निकायहरूबाट हुने काममा एकरुपता ल्याउन पालिका तहमा एउटा एकिकृत खासस्व योजनाको आवश्यकता महसुस गरिएको छ ।

पूर्ण सरसफाइ मार्गदर्शन २०७३ ले मार्गनिर्देशन गरे अनुसार योजनाबद्ध रुपमा सम्पूर्ण जनतामा सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्रियाकलाप संचालनका लागि वर्तमान खानेपानी तथा सरसफाइको अवस्था, सम्भावित श्रोतहरू, सार्वजनिक तथा संस्थागत खानेपानी तथा सरसफाइको अवस्था समुदायको स्वच्छता आनीबानी सम्बन्धमा सर्वेक्षण, अध्ययन, छलफल गरी उपलब्ध तथ्यहरू र सूचनाहरूका आधारमा खानेपानी तथा ढल व्यवस्थापन विभागको खासस्व क्षेत्र विकास योजना २०७४-२०८७ संग तादाम्यता मिलाएर खानेपानी, सरसफाइ तथा स्वच्छताका कार्यक्रमको प्राथमिकीकरण र बजेट समेत आंकलन गरी हिमा गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना तयार गरिएको छ ।

## १.२ औचित्य

नेपाल सरकारको मिति २०७३/११/२७ को निर्णय अनुसार जुम्ला जिल्लाको यस हिमा गाउँपालिका साविकका ३ वटा गाविसहरू बढकी, कालिकाखेतु र महावैपाथरखोला मिली गठन भएको हो । यो गाउँपालिका घोषणा भए पश्चात समायोजन भएका स्थानहरूको खानेपानी र सरसफाइको अवस्था समावेश भएको कुनै आधिकारीक दस्तावेज नभएको अवस्थालाई

मध्यनजर गर्दै गाउँपालिकाको क्षमता आंकलन, खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको वास्तविक अवस्था र भावी योजनाहरू तय गर्नका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजनाको आवश्यकता महसुस गरिएको थियो । खानेपानी तथा सरसफाइ जनताको नैसर्गीक अधिकारको रुपमा संविधानमा व्यवस्था गरे अनुसार नै गाउँपालिका क्षेत्रका जनतालाइ सर्वसुलभ, सुरक्षित र दिगो खानेपानी तथा सरसफाइ सेवाको पहुँचमा अभिवृद्धि गर्नु नगरपालिकाको कर्तव्य तथा जिम्मेवारी भित्र पर्दछ । स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ मा गाउँपालिका काम कर्तव्य र अधिकार शिर्षकमा उल्लेख गरिए बमोजिम दफा ११ को उपदफा 'ध' मा स्थानीय खानेपानी सम्बन्धी नीति, कानुन, मापदण्ढ, योजना कार्यान्वयन र नियमन भनेर उल्लेख गरकोले पनि सो जिम्मेवारीलाई योजनाबद्ध रुपमा कार्यान्वयन गर्नका लागि गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना अत्यावश्यक हुन आएको छ । विना योजना र अनुमानमा गरिने विकासले खानेपानी र सरसफाइको पहुँचका क्षेत्रमा आशातित सफलता नहुने विगतले पाठ सिकाएको छ । तसर्थ तथ्यगत र वस्तुगत आधारमा समुदाय संगको छलफल र स्वीकार्यतालाई समेत मध्यनजर गरी खासस्व सेवाबाट बञ्चितिमा परेका समुदायहरूलाई प्राथमिकतामा राखेर योजना बनाएर खानेपानी तथा सरसफाइको क्षेत्रमा देखिने गरी विकास गर्न खासस्व योजना अति आवश्यक दस्तावेज हुने भएकोले निर्माण गरिनु अपरिहार्य देखिएको हो ।

## १.३ उद्देश्य

खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) को क्षेत्रमा हिमा गाउँपालिका भित्रका सम्पूर्ण मौजुदा सुविधा र संरचनाहरूको यथास्थिति र अवस्था NWASH MIS को प्रयोगद्वारा संकलन तथा अभिलेखिकरण गरी आगामी दिनहरूका लागि सबै जनताको घरदैलोमा सुरक्षित खासस्व सेवाको सुनिश्चितताका लागि मार्गदर्शन प्रदान गर्नु नै (खासस्व) योजनाको प्रमुख उद्देश्य हो ।

खासस्व योजनाको अन्य विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

- नेपाल सरकार खानेपानी तथा ढल व्यवस्थापन विभागद्वारा तयार पारिएको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र विकास योजना (ड्राफ्ट) (Sector Development Plan-Draft) २०७४-२०८७ ले परिकल्पना गरेको खानेपानी, सरसफाइ तथा स्वच्छताका स्तरमा पुगनका लागि नयाँ निर्माण तथा स्तरोन्नति गर्नुपर्ने खासस्व सेवा (WASH Facilities) हरूको प्रस्ताव, प्राथमिकीकरण, आवश्यक अनुमानित बजेट र उपलब्ध श्रोत साधनहरूको लेखाजोखा सहितको रणनीति र कार्ययोजना बनाउनु ।
- विपदको अवस्थामा खासस्व सेवा सुचारु हुन सक्ने प्रावधान सहित आवश्यक प्रवन्धन गर्नका लागि सहायक हुनु ।
- जलवायु परिवर्तनको खासस्व क्षेत्रमा पर्ने असर न्यूनीकरण र अनुकुलन क्षमता अभिबृद्धिको लागि उपयुक्त योजना तय गर्नु ।
- ठोस तथा तरल फोहोर मैला तथा मानव मलमुत्रीय फोहोरको सुरक्षित विसर्जन र पुन:प्रयोगका लागि उपयुक्त योजना तय गर्नु ।

## १.४. समयावधि

यस खासस्व योजनाको समयावधि नेपाल सरकार खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभागद्वारा तयार पारिएको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र विकास योजना ड्राफ्ट (SDP) २०७४-२०८७ संग सामन्जस्यता हुने गरी १० वर्ष (सन् २०३०) सम्मको हुनेछ । यो अवधिलाई चार चरणमा बाँडिएको छ । पहिलो चरण सन् २०२०-२०२२, दोस्रो चरण सन् २०२३-२०२४, तेस्रो चरण २०२५-२०२६ र चौथो चरण सन् २०२७-२०२९ सम्म छ भने प्रत्येक चरणको समाप्ति र नयाँ चरणमा प्रवेश गर्दा खासस्व योजना अद्यावधिक र पुनरावलोकन गरिनेछ ।

## १.५. सिमितता

यस खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयार पार्ने क्रममा तथ्याङ्कहरू संकलन गर्नका लागि स्थानीय प्राविधिक तथ्याङ्क संकलकको अभाव भएकोले कतिपय प्राविधिक सूचनाहरू गैर प्राविधिक तथ्याङ्क संकलकहरूको माध्यमबाट संकलन गरिएको थियो । योजना तर्जुमा नै खासस्व योजनाको मुख्य विषय भएकोले सो कार्यका लागि व्यापक जनसहभागिता र विज्ञ समूहको व्यापक छलफल गर्न समय अभाव महसुस भएको छ ।

गाउँपालिका संग हुनुपर्ने खानेपानी तथा सरसफाइका सूचनाहरू व्यवस्थित गर्ने प्रणालीको स्थापना नभइ सकेको अवस्थामा Secondary Information अध्ययन र विश्लेषणमा केही कठिनाइ भयो ।

यस खासस्व योजनाको स्वामित्व, कार्यान्वयन तथा अनुगमन गाउँपालिकाले गर्नुपर्ने हुन्छ । यस खासस्व योजनाको आधारमा कतिपय आयोजनाहरू सहज तरिकाले कार्यान्वयनमा ल्याउने सकिने हुन्छन् भने कतिपय आयोजनाहरू आर्थिक स्रोत, मानवीय स्रोत र अन्य प्राविधिक कठिनाईका कारणले कार्यान्वयन गर्न कठिन हुन सक्छ । संभावित सिमितताहरूलाई मध्यनजर राख्दै खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी बानी व्यवहार परिवर्तनमा सकारात्मक रुपमा सफलता हासिल गर्नका लागि गाउँपालिका, सरोकारवाला संघसंस्थाहरू सबैसँग सम्बन्ध, समन्वय र सहकार्य गर्दै स्थानीय स्रोत साधन पहिचान र परिचालन गर्न सकेमा खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रको दिगो विकासमा सहयोग पुग्नेछ र सिमितताहरूलाई न्यून गर्न सकिने हुन्छ । खासस्व योजनाको कार्यान्वयन गाउँपालिकाले गर्ने हुँदा यसको आर्थिक, प्राविधिक र अन्य क्षमतालाई समेत विचार गरी यस गुरुयोजनाले ठूला र बृहत आयोजना भन्दा स्थानीय आवश्यकता अनुसारको साना खालका आयोजनाहरूमा ध्यान केन्द्रित गर्नु मनासिव हुन्छ ।

## १.६. तयारी विधि र प्रकृया

खानेपानी, सरसफाई तथा स्वच्छता (खासस्व) योजना तयारीमा तपसिलका चरण र प्रकृयाहरू अवलम्बन गरिएको थियो ।

### १.६.१ खासस्व योजनाको ढाँचा, सर्वेक्षण औंजार र आवश्यक जनशक्ति व्यवस्थापन

नेपाल सरकार, खानेपानी तथा ढल व्यवस्थापन विभागद्वारा प्रस्तावित ढाँचालाई नै यस वास योजना तयारीको सन्दर्भमा प्रयोग गरिएको छ । सो ढाँचाका लागि आवश्यकपर्ने सूचना संकलनका लागि प्रश्नावलीहरू तयार गर्ने र नेपाल सरकार खानेपानी मन्त्रालयबाट नै तयार गरिएको NWASH मोबाइल एप्स परिमार्जन कार्यमा समेत संलग्न हुने अवसर प्राप्त भयो । NWASH मोबाइल एप्सका प्रयोग विधिका सम्बन्धमा गाउँपालिकाको समन्वयमा स्थानीय प्राविधिक र सामाजिक क्षेत्रका फिल्ड सर्वेक्षकहरूलाई तालिम दिई आवश्यक जनशक्ति स्थानीय स्तरमा नै तयार गर्ने कार्य गरियो ।

### १.६.२ गाउँपालिका स्तरिय अभिमुखिकरण गोष्ठी तथा सहमति निर्माण

हिमा गाउँपालिकामा खासस्व योजना अभिमुखिकरण गोष्ठी गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख कार्यकारी अधिकृत सहित गाउँ कार्यपालिकाका सदस्यहरू र अन्य सरोकारवालाहरूको सहभागितामा आयोजना गरिएको थियो । उक्त गोष्ठीमा खानेपानी, सरसफाई स्वच्छता (खासस्व) योजनाको आवश्यकता, महत्व र उपयोगका विषयमा छलफल भई तयारी प्रकृयामा सरोकारवालाहरूको भूमिकाका विषयमा छलफल भएको थियो । अन्तमा वास योजना तयारीको प्रकृयाको अनुगमन तथा समन्वयका लागि कार्य दल गठन गरिएको थियो ।

### १.६.३ तथ्याङ्क संकलन तथा लेखाजोखा

तथ्याङ्क संकलनका लागि तयार गरिएको प्रश्नावली, जाँच सूची र नेपाल सरकार, खानेपानी मन्त्रालयद्वारा तयार गरिएको NWASH मोबाइल एप्स विधि अवलम्बन गरी सूचना संकलन गरिएको थियो । घरपरिवार तहको खानेपानी, सरसफाई र स्वच्छताको वर्तमान अवस्थाको सूचना, खानेपानी प्रणालीहरू, विद्यालय, स्वास्थ्य संस्थाहरू, सार्वजनिक शौचालय तथा अन्य सरसफाइ र स्वच्छताको सूचना संकलन सबै ठाउँमा नै पुगेर गरिएको थियो ।

- गाउँपालिकामा उपलब्ध सहायक सामाग्री जस्तै वस्तुगत विवरण, प्रगति प्रतिवेदन, website अध्ययन ।
- गाउँपालिकाको खासस्व सम्बन्धी संस्थाधत संरचनाको अवस्था पहिचान तथा यो क्षेत्रमा लगानीको अवस्था आंकलन
- उपभोक्ता समितिको संस्थागत क्षमता अध्ययन
- NWASH मोबाइल एप्सको माध्यमबाट गाउँपालिका क्षेत्रभरिका खानेपानी र सरसफाइसंग सम्बन्धित विद्यमान भौतिक संरचनाहरूको लेखाजोखा ।
- खानेपानीका श्रोतहरू (नयाँ तथा पुराना), तिनको वर्तमान अवस्था (क्षमता, गुणस्तर) र भविष्यमा स्तरोन्नति गर्न सकिने अवस्थाको समेत आंकलन ।
- खानेपानीको सेवाबाट बञ्चित समुदायहरू उपयुक्त श्रोतहरूको पहिचान ।
- अन्य विकास साभ्नेदार तथा कार्यक्रमहरूको विवरण संकलन ।
- सम्पूर्ण विद्यालयहरू, स्वास्थ्य संस्थाहरू तथा सार्वजनिक संस्थाहरूको खानेपानी तथा सरसफाई सम्बन्धी अवस्था र भावी योजनाहरू सम्बन्धी सूचना संकलन ।
- समुदायको ठोस तथा तरल फोहोर व्यवस्थापन, मानव सिर्जित दिसाजन्य लेदो व्यवस्थापन गरी श्रोतको पुन:प्रयोग सम्बन्धी समुदाय तहमा छलफल तथा अवलोकन गरी तथ्यहरूको संकलन ।

### १.६.४ तथ्याङ्क प्रशोधन, विश्लेषण र मस्यौदा तयारी

मोबाइल एप्सको सूचनाको प्रशोधन र विश्लेषण साथै समूहगत छलफल, प्रश्नावली र जाँचसूचीको आधारमा संकलन गरिएका सूचना तथा तथ्याङ्कहरूको विश्लेषण र नक्शाङ्कन गर्ने कार्य गरियो । खानेपानी, सरसफाइ र स्वच्छताका सम्बन्धमा गाउँपालिकामा विद्यमान रहेका सेवा र सुविधाका अलावा स्वच्छता व्यवहारको अवस्था र हाम्रो पुग्ने लक्ष्य बिचको अन्तराललाई सम्बोधन गर्ने योजना सहितको नेपाल सरकार, खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन बिभागबाट सिफारिस गरिएको ढाँचामा मस्यौदा प्रतिवेदन तयार गरियो । मस्यौदा तयारीका लागि लक्ष्यहरू निर्धारण गर्दा मुख्यतया खानेपानी तथा ढल व्यवस्थापन विभागले प्रस्ताव गरेको क्षेत्रगत सुधार योजना ड्राफ्ट (SDP) र संयुक्त राष्ट्र संघले तयार गरेको दिगो विकास लक्ष्यको लक्ष्य नं ६ लाई समेत मध्यनजर गरेर तयार गरिएको थियो ।


### १.६.५ खासस्व योजना प्रमाणिकरण गोष्ठी

**वडा स्तरिय योजना तर्जुमा तथा जोखिम क्षमता विश्लेषण गोष्ठी :** हिमा गाउँपालिकाका वडा तहमा विद्यमान खासस्व सेवा र सुविधाहरुको अवस्थाका सम्बन्धमा प्राप्त सूचना र तथ्याङ्कहरूको प्रमाणिकरण गर्ने र लिइएको लक्ष्यका आधारमा निर्वाचित जनप्रतिनिधिहरू, शिक्षक, स्वास्थ्य संस्थाका पदाधिकारीहरू र खासस्व क्षेत्रमा कार्यरत कर्मचारीहरू तथा सरोकारवालाहरूको सहभागितामा योजना तर्जुमा गोष्ठी तथा छलफल कार्यक्रम भएको थियो । सो गोष्ठीमा समुदायको जोखिम क्षमता विश्लेषणका अलावा स्थानीय स्तरको आवश्यकताहरू, भविष्यमा बन्न सक्ने संरचनाहरूको लागि उपयुक्त स्थलहरूको पहिचानका कामहरू समेत भए ।

**गाउँपालिका स्तरिय योजना तर्जुमा तथा खासस्व योजना प्रमाणिकरण गोष्ठी :** हिमा गाउँपालिकाका वडा तहबाट प्राप्त योजनाका सूचीहरू समेटेर तयार पारिएको मस्यौदा खासस्व योजना प्रस्तुति तथा छलफलका लागि गाउँपालिकाका अध्यक्ष उपाध्यक्ष, सम्पूर्ण कार्यपालिका सदस्यहरू खासस्व क्षेत्रमा कार्यरत अन्य सरोकारवालाहरूको संयुक्त कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । उक्त गोष्ठीमा नयाँ खानेपानी योजनाहरूको प्रस्ताव तथा प्राथमिकीरण, गाउँपालिकाको खासस्व कार्यक्रमको बजेट व्यवस्थापन, विकास साभ्नेदारहरूको संलग्नता, जलवायु परिवर्तनका असर

## २.३ भूउपयोग तथा बातावरण

जैविक विविधताका हिसावले उच्च पर्वतीय चिसो हावापानीमा पाइने जीव तथा वनस्पतिहरुमा गन्नाइनो चिराइतो, तितो पाँच औले, सतुवा विडा, सेतो चिनी, कटुको, बसो, सुगन्दवाल, पाखनवेद, पोकचाल्नु, तितो, विर्विसी, भालु बाघ, स्याल, बदेल, रतुवा, रेढपाण्डा, डाँफे, च्याखुरा, कालिज, परेवा भंगेरा, फडरास, ढुकुर, लाटोकोसेरो, चिल, बाँज, मुख्य रुपमा रहेका छन् । यस गाउँपालिकाको पहाडको माथिल्लो भागका अधिकांश स्थानमा वन तथा खर्कहरू रहेकाछन् । बालुवा लगायतका खनिजहरू यस क्षेत्रमा पाइन्छ । गाउँपालिकाको जमिनमा खेती गरिएको जमिन, जंगल, चरण क्षेत्र, बगर भाडी तथा पानीले ढाकेको क्षेत्र सम्बन्धी विवरण वेहाय बमोजिम रहेको छ ।




**तालिका २.२ : भूउपयोग सम्बन्धी विवरण**

| क्र.सं. | विवरण | क्षेत्रफल (हे) | प्रतिशत |
|---|---|---|---|
| १ | बाँझो जमिन | ०.३ | ०.२२७ |
| २ | खेतियोग्य जमिन | ३५.६ | २६.९ |
| ३ | वन | ६९.२३ | ५२.३२ |
| ४ | घाँसे मैदान | २४.०४ | १८.१७ |
| ५ | बलौटे जमिन | ०.४९ | ०.३७ |
| ६ | भाडी | २.३३ | १.७६१ |
| ७ | जल क्षेत्र | ०.३३ | ०.२४९ |

(श्रोत:गाउँपालिका वस्तुगत विवरण २०७५, हिमा)

## २.४ जात जाति र जनसांख्यिक बिवरण


घरपरिवार सर्वेक्षण २०७५ अनुसार यस गाउँपालिकाको कूल जनसंख्या १२,२५५ रहेको छ भने राष्ट्रिय जनगणना २०६८ अनसार १०,५५३ रहेको थियो । घरपरिवार सर्वेक्षण २०७५ अनुसार वडा नं १ मा सबैभन्दा बढी जनसंख्या रहेको छ भने वडा नं २ मा सबैभन्दा कम जनसंख्या रहेको छ । जस अनुसार हालको औषत घरपरिवारको आकार ३.४ र लैङ्गिक अनुपात १०८.४९ छ । २०६८ देखि २०७५ सम्मको ७ वर्षको अवधिमा जनसंख्या वृद्धिदर २.१ प्रतिशत छ । यस सम्बन्धी विस्तृत विवरण वडागत रुपमा देहायको तालिकामा दिइएको छ ।

## अध्याय-२

# हिमा गाउँपालिकाको वस्तुगत विवरण

### २.१ भौगोलिक अवस्थिति र बनोट

हिमा गाउँपालिका भौगोगिक अवस्थितिका हिसाबले २९ डिग्री १२ मिनेट १० सेकेन्डदेखि २९ डिग्री २० मिनेट २० सेकेन्ड उत्तरी अक्षांश र ८१ डिग्री ५५ मिनेट ५० सेकेन्डदेखि ८२ डिग्री ०२ मिनेट २५ सेकेन्ड पूर्वी देशान्तरमा फैलिएको छ । यस गाउँपालिकाको पूर्वमा तिला गाउँपालिका, पश्चिममा कालीकोट जिल्ला, उत्तरमा सिंजा गाउँपालिका र दक्षिणमा कालीकोट जिल्ला पर्दछ । यो गाउँपालिकाको क्षेत्रफल १३२.३२ वर्ग कि.मी. रहेको छ । गाउँपालिकाको पुनर्संरचना अनुसार वडागत क्षेत्रफल सम्बन्धी विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।




**तालिका २.१ : वडागत क्षेत्रफल सम्बन्धी विवरण**

| वडा नं. | समावेश साविक गाविस | क्षेत्रफल (वर्ग किमिमा) | प्रतिशत |
|---|---|---|---|
| १ | बड्की १,२,९ | ३८.३३ | २८.९७ |
| २ | बड्की ६–८ | १२.८४ | ९.७०४ |
| ३ | बड्की ३–५ | २०.३४ | १५.३७ |
| ४ | कालिकाखेतु १–४ | ८.१२ | ६.१३७ |
| ५ | कालिकाखेतु ५–९ | २३.५९ | १७.८३ |
| ६ | महावैपाथरखोला १–५ | १७.५९ | १३.२९ |
| ७ | महावैपाथरखोला ६–९ | ११.५१ | ८.६९९ |
| जम्मा | | १३२.३२ | १०० |

(स्रोत: गाउँपालिका वस्तुगत विवरण, २०७५)

राज्य पुनर्संरचना गर्दा साविकका बड्की, कालिकाखेतु, महावैपाथरखोला गाविसलाई मिसाएर वि.सं. २०७३ मा हिमा गाउँपालिकाको गठन गरिएको हो । खस सभ्यता र नेपाली भाषाको उद्‌भव भूमि सिंजा क्षेत्रमा अवस्थित यस क्षेत्रको सांस्कृतिक तथा ऐतिहासिक रुपले महत्वपूर्ण ऐतिहासिक र पुरातात्विक क्षेत्र हो । सिंजा क्षेत्र भएर बहने हिमा नदि गाउँपालिकाका खेतीयोग्य भू-भागलाई सिंचित गर्दै बगेको छ । यही नदिको नामबाट यस गाउँपालिकाको नामाकरण गरिएको छ ।

### २.२ पहुँच

कर्णाली लोकमार्गको नाग्म बजारबाट उत्तरतिर करिव ५ किमि दायाँ बायाँ रहेको यस गाउँपालिका जिल्ला सदरमुकाम खलङ्गा बजारबाट नाग्म बजार हुँदै करिव ३७ किमि पश्चिम सडक दुरीमा अवस्थित रहेको छ भने गाउँपालिकाको केन्द्र जुगाढ बजार प्रदेश राजधानी सुर्खेतबाट करिब २०५ किमि उत्तर पूर्वीतिर रारा जाने बाटोमा रहेको छ ।